# प्रभाव दैनिक
National Daily

पत्रिका नआएमा, ठेगाना परिवर्तन भएमा वा अन्य कुनै गुनासो/जिज्ञासा भएमा निम्न माध्यमबाट हामीलाई तत्काल सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।
प्रभाव पब्लिकेसन प्रा.लि.
सिफल-७, काठमाडौं
०१४३७३५७७/९७६१८१५४०००/
९८४११५१२१७/९८४१२४६२६९
marketing2prabhab@gmail.com

वर्ष ११ | अंक १६७ | काठमाडौं | आइतबार, २० असोज २०८१ | Prabhab National Daily | Sunday, October 06, 2024 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रु. ५।-




हिन्दूहरूको महान चाड दसैं, तिहार तथा छठ पर्व मनाउन भारतका विभिन्न स्थानबाट बाँकेको नेपालगञ्जस्थित नेपाल–भारत जमुनाह भन्सार सीमा नाकाहुँदै घर फर्किंदै गरेका नेपाली ।
*तस्बिरः रूपनी जिएम/रासस*

# आपत्कालीन हवाई उद्धारका लागि 'प्रतिबद्ध संयन्त्र' बन्ने

## गृह, स्वास्थ्य तथा जनसंख्या र महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयले आवश्यक स्रोत साधनको सुनिश्चितता गर्ने

■ **प्रभाव संवाददाता**

**काठमाडौं–** सरकारले आपत्कालीन हवाई उद्धारका लागि 'प्रतिबद्ध संयन्त्र'को व्यवस्था गर्ने भएको छ । प्रसव पीडामा परेका महिला र जोखिममा परेका नागरिकको आपत्कालीन उद्धारका लागि त्यस्तो संयन्त्र बनाउने भएको हो ।

गृह मन्त्रालय, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय र महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयले आवश्यक स्रोत साधनको सुनिश्चितता गर्ने भएका छन् । शनिबार सरकार र अनसन बसेका तेह्रथुमको फेदाप-५ निवासी दीपक सिलवालबीच भएको पाँचबुँदे सहमतिको चौथो बुँदामा उक्त विषय उल्लेख गरिएको छ ।

हाल महिला तथा बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयबाट दुर्गम क्षेत्रका ज्यान जोखिममा परेका गर्भवती तथा सुत्केरी महिलाहरूका लागि हवाई उद्धार कार्य चलिरहेको छ । गृह मन्त्रालयअन्तर्गतको केन्द्रीय विपद् व्यवस्थापन कोषमार्फत विपद् तथा आकस्मिक घटनामा परेकाहरूको आवश्यकताअनुसार हवाई उद्धार भइरहेको मन्त्रालयका सूचना अधिकारी दिलकुमार तामाङले जानकारी दिए ।

उनका अनुसार आपत्कालीन हवाई उद्धारका लागि भनेर सरकारले देशको पश्चिमी क्षेत्रको सुर्खेत र पूर्वी क्षेत्रको सुनसरीको इटहरीमा नेपाली सेनाको हेलिकप्टर व्यवस्था गरेको छ । तर, आपत्कालीन हवाई उद्धारसम्बन्धी कार्यविधि, २०७७ झण्झटिलो भएको गुनासो सरोकारवालाहरूको छ । सोही कारण प्रसव पीडामा परेका महिला र जोखिममा परेका नागरिकको उद्धारका लागि हेलिकप्टरको सहज उपलब्धता नभएको यही क्षेत्रमा क्रियाशील अभियन्ता सिलवालले बताए ।

उनी हवाई उद्धारसम्बन्धी कार्यविधि संशोधन गर्नुपर्ने र प्रदेशस्तरमा आपत्कालीन उद्धारका लागि हरेक प्रदेशमा हेलिकप्टरको व्यवस्था हुनुपर्ने माग गर्दै ३० दिन लामो अनसन बसेका थिए ।

(क्रमशः पृष्ठ २ मा)

# न्यायालयको कमाण्ड सम्हाल्दै राउत

- ३१औं प्रधानन्यायाधीशको रूपमा आज शपथ लिँदै
- न्यायालयप्रति जनताको आसा र भरोसा बढाउनुपर्ने चुनौती
- भ्रष्टाचार र बिचौलियामुक्त न्यायालय बनाउनुपर्ने
- न्यायमा ढिलासुस्ती भएको गुनासो सम्बोधन गर्नुपर्ने



■ **जेबी योञ्जन**

**काठमाडौं–** सर्वोच्च अदालतले स्थापनाको ६८औं वर्षमा ३१औं प्रधानन्यायाधीश पाएको छ । नयाँ प्रधानन्यायाधीशको रूपमा आजदेखि प्रकाशमानसिंह राउतले सर्वोच्चको नेतृत्व सम्हाल्दै छन् ।

राष्ट्रपति रामचन्द्र पौडेलले आज उनलाई प्रधानन्यायाधीशको रूपमा पद तथा गोपनीयताको शपथ खुवाउने तयारी छ । त्यसका लागि राष्ट्रपति भवन शीतलनिवासमा आज १:३० बजे शपथ समारोह राखिएको राष्ट्रपति कार्यालयले जनाएको छ । शपथ ग्रहणपछि राउतले आजै पदभार ग्रहण गर्ने छन् ।

संवैधानिक परिषद्ले वरिष्ठतम् न्यायाधीश राउतलाई प्रधानन्यायाधीश नियुक्त गर्न गत भदौ ३१ गते सिफारिस गरेको थियो । असोज १६ गते उनी संसदीय सुनुवाइबाट सर्वसम्मत अनुमोदन भएका थिए । उदयपुर घर भएका राउतले अब २०८२ चैत १७ गतेसम्म सर्वोच्चको नेतृत्व गर्नेछन् ।

नेपालमा सर्वोच्च अदालत ८ जेठ २०१३ सालमा भएको थियो । त्यसअघि भने प्रधान्यायालय थियो । पहिलो प्रधानन्यायाधीशका रूपमा दार्जीलिङका हरिप्रसाद प्रधान थिए । उनी दुईचोटी प्रधानन्यायाधीश भएको सर्वोच्च अदालतको अभिलेखमा उल्लेख छ । प्रधान प्रधानन्यायाधीश भएको ७३ वर्षपछि राउत प्रधानन्यायाधीशमा नियुक्त भएका हुन् ।

संसदीय सुनुवाइका क्रममा सांसदहरूले यसअघि उनलाई प्रश्नैप्रश्न बर्साएका थिए । कांग्रेस सांसद जीवन परियार, एमाले सांसद सुनिता बराल, रास्वपा सांसद डिपी अर्याल र जसपा नेपालका सांसद प्रकाश अधिकारीले न्याय परिषद् नियमावली संशोधनले बार र बेञ्चबीच सिर्जना गरेको विवादको विषयमा राउतलाई प्रश्न गरेका थिए ।

न्याय परिषद् नियमावली संशोधनले ल्याएको विवादले नियमावली, निर्देशिका र कार्यविधि निर्माण गर्ने अधिकार सम्बन्धित निकायलाई प्रत्यायोजन गर्ने कि नगर्ने भन्ने प्रश्न उठेको पनि उनीहरूको भनाइ थियो ।

(क्रमशः पृष्ठ २ मा)

### हालसम्मका प्रधानन्यायाधीश

१. हरिप्रसाद प्रधान
२. अनिरूद्धप्रसाद सिंह
३. भगवतीप्रसाद सिंह
४. रत्नबहादुर विष्ट
५. नयनबहादुर खत्री
६. धनेन्द्रबहादुर सिंह
७. विश्वनाथ उपाध्याय
८. सुरेन्द्रप्रसाद सिंह
९. त्रिलोकप्रताप राणा
१०. ओमभक्त श्रेष्ठ
११. मोहनप्रसाद शर्मा
१२. केशवप्रसाद उपाध्याय
१३. केदारनाथ उपाध्याय
१४. गोविन्दबहादुर श्रेष्ठ
१५. हरिप्रसाद शर्मा
१६. दिलिपकुमार पौडेल
१७. केदारप्रसाद गिरी
१८. मीनबहादुर रायमाझी
१९. अनुपराज शर्मा
२०. रामप्रसाद श्रेष्ठ
२१. खिलराज रेग्मी
२२. दामोदरप्रसाद शर्मा
२३. रामकुमारप्रसाद शाह
२४. कल्याण श्रेष्ठ
२५. सुशीला कार्की
२६. गोपाल पराजुली
२७. ओमप्रकाश मिश्र
२८. चोलेन्द्र शम्शेर जबरा
२९. हरिकृष्ण कार्की
३०. विश्वम्भरप्रसाद श्रेष्ठ

**सन्दर्भः वैदेशिक रोजगार**

## जापानमा रोजगारी

# सरकारकै कारण नेपालीले पाएको अवसर गुम्दै

■ **प्रभाव संवाददाता**

**काठमाडौं–** दक्षिणपूर्वी एसियाको विकसित देश जापानमा आगामी १५ वर्षमा १० लाख आप्रवासी कामदारको अभाव हुने देखिएको छ । अहिलेकै अनुपातमा विदेशी कामदारले रोजगारीको अवसर पाउने हो भने सन् २०४० सम्म झण्डै ६० लाख आप्रवासी कामदारले काम गरिरहेका हुने छन् । त्यतिखेरसम्म जापान सरकारले वार्षिकरूपमा राखेको १.२५ प्रतिशत आर्थिक वृद्धिदरको लक्ष्य हासिल गर्न थप १० लाख विदेशी कामदार भित्र्याउनुपर्ने जापान इन्टरनेसनल कोअपरेसन एजेन्सी (जाइका)को एक अध्ययनले देखाएको छ । पछिल्लो समय जापानमा आप्रवासी कामदारको संख्या चार गुणाले बढेको जाइकाले गत वर्ष सन् २०२३ को अन्त्यमा सार्वजनिक गरेको प्रतिवेदनमा उल्लेख गरिएको छ ।

यति हुँदाहुँदै पनि आर्थिक लक्ष्य भेट्टाउन अझै ठूलो संख्यामा आप्रवासी कामदार चाहिने बताइएको छ । जापानले आर्थिक वृद्धिको लक्ष्य हासिल गर्ने र दक्षिण पूर्वी एसियाकै कामदारलाई रोजगारीको प्राथमिकतामा राख्ने नीति लिएको अन्तराष्ट्रिय समाचार एजेन्सी रोयटर्सले जनाएको छ । जापानले सन् २०४० भित्र नेपालसहित चीन, थाइल्याण्ड, भियतनाम, फिलिपिन्स, इण्डोनेसिया, म्यानमार, कम्बोडिया, मंगोलियालगायत देशबाट स्पेसिफाइड स्कील्ड वर्कर



(एसएसडब्ल्यू) अन्तर्गत विशेष सीप भएका कामदार आपूर्ति गर्ने नीति लिएको उल्लेख गरिएको छ । जापान सरकारले आप्रवासी कामदार भर्ना प्रक्रियाका लागि स्थानीय रोजगारदातालाई सहज बनाउन दक्ष रोजगारीका लागि श्रम स्वीकृतिको अनुमति दिने कार्यलाई विस्तार गर्न लागेको समाचारमा जनाइएको छ ।

### नेपालीलाई अवसर कति ?

नेपालको मुख्य दातृ मुलुकमध्ये जापान पनि एक हो । जापानसँग नेपालको लामो कूटनीतिक सम्बन्ध पनि छ । तर पनि जापानले ठूलो संख्यामा आप्रवासी कामदार भित्र्याइरहँदा नेपालीहरूले सोचेअनुरूप अवसर पाउन सकेका छैनन् । नेपालीहरूलाई रोजगारीको अवसर दिने सन्दर्भमा जापान सरकार सकारात्मक देखिए पनि नेपाल सरकारको उदासीपनका कारण परिणाम आउन नसकेको जानकारहरू बताउँछन् । नेपाल र जापान सरकारबीच सन् २०१९ को मार्चमा सरकारीस्तरमा श्रम सम्झौताको छ वर्ष बित्दासमेत सरकारले सीपयुक्त दक्ष कामदार पठाउन सकेको छैन । यतिसम्म कि सरकारले जापानमा दक्ष कामदार पठाउनेसम्बन्धी तयार पारेको कार्यविधि-२०८० कार्यान्वयनमा ल्याउन नसक्दा अलपत्र परेको छ ।

> जापानमा ठूलो संख्यामा विदेशी कामदारको माग छ, हामी नेपाली कामदार आपूर्ति गर्नसक्ने अवस्थामा पनि छौं तर सरकारको नीति स्पष्ट हुनुपर्‍यो ।
>
> ■ **राजेन्द्र भण्डारी**
> **अध्यक्ष, नेपाल वैदेशिक रोजगार व्यवसायी संघ**

वैदेशिक रोजगारीका लागि नयाँ र आकर्षक गन्तव्य मानिएको जापानसँग भएको श्रम सम्झौताको अवधि सकिए पनि पुनः सम्झौताका लागि प्रक्रिया बढाइएको श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयका सहसचिव एवं प्रवक्ता डण्डुराज घिमिरेले बताए । 'श्रम सम्झौतालगत्तै कोरोना महामारी, कार्यविधि निर्माण र द्विपक्षीय समन्वयमा ढिलाइ भएका कारण कामदार पठाउन सकिएन,' उनले भने, 'केही समयअघि मन्त्रीज्यू (शरतसिंह भण्डारी) जापानको रोजगार सम्मेलनमा सहभागी भएर फर्किनुभएको छ, जापानमा नेपाली दक्ष कामदार पठाउने सन्दर्भमा पनि कुराकानी भएकोले छिट्टै परिणाम आउने छ ।'

गत आर्थिक वर्ष म्यानपावरबाट १२ सय र व्यक्तिगत श्रम स्वीकृतिमा नौ हजार ३०० गरी १० हजार ५०० नेपाली युवा नयाँ श्रम स्वीकृति लिएर रोजगारीका लागि जापान पुगेका वैदेशिक रोजगार विभागको तथ्यांक छ ।

(क्रमशः पृष्ठ २ मा)




# बडादसैंको तेस्रो दिन चन्द्रघण्टा देवीको पूजाआराधना

**काठमाडौं (प्रस)**– नवरात्रको तेस्रो दिन शनिबार दसैं घर वा पूजाकोठामा नौ दुर्गामध्येकी तेस्रो चन्द्रघण्टा देवीको विधिपूर्वक पूजाआराधना गरिएको छ ।

नवदुर्गामध्येकी तेस्रो देवी चन्द्रघण्टाले हातमा चन्द्रमाको आधार भएको घण्ट लिने भएकाले नै यिनको नाम चन्द्रघण्टा रहन गएको भन्ने विभिन्न ग्रन्थमा उल्लेख गरिएको छ। दुर्गा पक्षसमेत भनिने दसैंको पहिलो दिन शैलपुत्री, दोस्रो दिन ब्रह्मचारिणी, तेस्रो दिन चन्द्रघण्टा, चौथो दिन कुष्माण्डा, पाँचौं दिन स्कन्दमाता, छैटौं दिन कात्यायनी, सातौं दिन कालरात्री, आठौं दिन महागौरी र नवौं दिन सिद्धिदात्रीको पूजाआराधना गर्ने गरिन्छ । यिनै नौवटा दुर्गाका रूपलाई नवदुर्गा पनि भनिन्छ ।

नवरात्रमा देशभरका शक्तिपीठमा पूजाआराधना एवं दर्शन गर्ने भक्तजनको भीड लाग्छ। देशभरका शक्तिपीठमा बिहानैदेखि भक्तजनको भीड लाग्ने गरेको छ । नवरात्रको पहिलो दिन बिहीबार दसैं घर वा पूजा कोठामा वैदिक विधिपूर्वक घटस्थापना गरी जौको जमरा राखिएको थियो । त्यसै दिन घटस्थापना गरिएको स्थानमा नौ दुर्गामध्येकी पहिलो देवी शैलपुत्रीको आह्वान गरी विधिपूर्वक पूजाआराधना गरियो। दोस्रो दिन शुक्रबार पूजास्थलमा दोस्रो ब्रह्मचारिणी देवीलाई आह्वान गरी विधिपूर्वक पूजाआराधना गरिएको थियो भने तेस्रो दिन शनिबार चन्द्रघण्टा देवीको निष्ठाका साथ पूजाआराधना गरिएको हो ।

नवरात्रका नौ दिन घटस्थापना गरिएको स्थलमा दुर्गा सप्तशती (चण्डी), श्रीमद्देवीभागवतलगायत देवी स्तोत्र पाठसमेत गरिन्छ। नवरात्रका अवसरमा देवीको आराधना गरी पूजा गरेमा शक्ति, ऐश्वर्य र विद्या प्राप्त हुने धार्मिक विश्वास छ । यसै आधारमा वैदिक सनातन धर्मावलम्बीले प्रत्येक वर्ष आश्विन शुक्ल प्रतिपदादेखि नवमीसम्म दुर्गा देवीको विशेष आराधना गर्छन् । नौ दिनसम्म पूजाआराधना गरेको प्रसाद विजयादशमीदेखि कोजाग्रत पूर्णिमाका दिनसम्म लगाइन्छ । यसरी १५ दिनसम्म नेपालीले बडादसैं पर्व मनाउँछन् । यो नेपालको राष्ट्रिय पर्वका रूपमा स्थापित भएको छ ।

## पृष्ठ १ बाट क्रमशः

### न्यायालयको कमाण्ड...

राउतले भने नियमावलीमा गरिएको संशोधनको बचाउ गरेका थिए। तर, नेपाल बार एसोसिएसनले उठाएका विषयको सम्बोधन गर्न आफू तयार रहने पनि राउतको भनाइ थियो। बारले उठाएका जायज माग सम्बोधन गर्न प्रयास गर्ने उनले सुनुवाइ समितिसमक्ष प्रतिबद्धता जनाएका थिए । यही ११ असोजमा हालै प्रधानन्यायाधीशबाट अवकाश पाएका विश्वम्भरप्रसाद श्रेष्ठको अध्यक्षतामा बसेको न्याय परिषद् बैठकले उच्च अदालत पाटनका मुख्य न्यायाधीश नृपध्वज निरौला र उच्च अदालत तुलसीपुरका मुख्य न्यायाधीश नित्यानन्द पाण्डेलाई सर्वोच्च अदालतको न्यायाधीशमा सिफारिस गरेको थियो। न्याय परिषद्मा वरिष्ठतम् न्यायाधीश प्रकाशमानसिंह राउत, कानुनमन्त्री अजय चौरसिया र अन्य दुई जना परिषद्का सदस्यले सर्वसम्मत निर्णय गरेका थिए ।

उक्त निर्णय संविधानको व्यवस्थाअनुसार गरिएको स्पष्ट पार्दै राउतले सुनुवाइका क्रममा भनेका थिए, 'संविधानमा न्यायाधीश नियुक्ति गर्ने अधिकार न्याय परिषद्लाई छ। संविधानले तिमीले यो काम गर भन्छ अनि संविधानबमोजिम गरेको कामलाई असंवैधानिक भन्ने अर्थ लगाउँदा के हुन्छ ?' राउतविरुद्ध संसदीय सुनुवाइ समितिमा छ वटा उजुरी परेका थिए। अमेरिकामा बस्दै आएका पूर्वसैनिक अधिकृत प्रज्वल बस्नेतले आफ्नो उजुरीमा संविधानसँग बाझिएको सैनिक ऐन संशोधन गर्न सर्वोच्च अदालतले १३ वर्षअघि दिएको आफ्नै फैसला कार्यान्वयन गराउन न्यायाधीशहरू अक्षम रहेको, सेनासँग सम्बन्धित विषयमा निर्णय गर्ने सन्दर्भमा डराएको भन्दै बस्नेतले राउत पनि यो विषयमा उदासीन रहेकाले निर्णय गर्न नसक्ने व्यक्ति कसरी प्रधानन्यायाधीश हुन सक्छ ? भनी प्रश्न उठाएका थिए ।

बाजुराका गगन अयडीले ४ मंसिर ०७९ को निर्वाचनमा घर घेराबन्दी गरी आफ्नो छोराको हत्या गर्नेहरू जिल्ला र उच्च अदालतबाट पुर्पक्षका लागि थुनामा पठाएकोमा सर्वोच्चमा राउत र अर्का न्यायाधीशले धरौटीसमेत नलिई साधारण तारेखमा छोडी अन्याय गरेकाले प्रधानन्यायाधीश नबनाउन माग गर्दै सिडिओ कार्यालयमार्फत समितिमा उजुरी दिएका थिए ।

तर, समितिबाट सर्वसम्मतरूपमा प्रधानन्यायाधीशमा उनी अनुमोदित भए । यसबेला भने राउतमाथि न्यायालयप्रति जनताको आसा र भरोसा बढाउनुपर्ने चुनौती छ । हरि कृष्ण कार्की प्रतिवेदनले न्यायालय भ्रष्टाचारको अखडा बनेको तथ्य बाहिर ल्याइसकेका कारण भ्रष्टाचारमुक्त न्यायालय बनाउने अर्को चुनौती राउतको छ । न्यायालयमा पूरै बिचौलियाको बिगबिगी रहेको उक्त प्रतिवेदनको सार थियो । अर्कातिर, न्यायमा ढिलासुस्ती भएको विषयमा सेवाग्राहीको चरम गुनासो र असन्तुष्टि छ । त्यसलाई सम्बोधन गर्नुपर्ने चुनौती पनि कार्कीसँग छ ।

यसका साथै सर्वोच्चमा आवश्यक चारजना न्यायाधीशको नियुक्ति भइरहेको छैन। न्यायाधीश नियुक्ति गर्ने न्याय परिषद् ऐनको प्रावधानप्रति नेपाल बारको विरोध छ। बारले वर्तमान न्याय परिषद् ऐन खारेजीको माग गरेको छ। बेञ्च र बारबीच तीक्ततापूर्ण सम्बन्ध रहेकाले त्यसलाई सुधार गर्नुपर्ने आवश्यकता रहेको बार उपाध्यक्ष हर्कबहादुर रावलले बताए ।

'अहिलेको प्रावधान व्यावहारिक र कानुनी दुवै दृष्टिले प्रश्न उठ्दो छ । त्यसैले हामीले अहिलेको प्रावधान खारेजीको विकल्प छैन र नयाँ प्रधानन्यायाधीशले बारसँग समन्वय गरेर अघि बढ्ने रणनीति बनाउनुपर्छ,' रावलले प्रभावसँग भने । नयाँ प्रधानन्यायाधीश राउत यसअघि श्रीमतीसँगको झगडामा मुछिएका थिए । त्यसबारे संसदीय समिति बैठकमा प्रश्नसमेत उठेको थियो। अन्ततः उनी अनुमोदित भए।

■■■

### आपत्कालीन हवाई...

शनिबार गृहमन्त्री रमेश लेखकले जुस खुवाएर अनसन तोडाएपछि बोल्ने क्रममा सिलवालले अहिलेको हवाई उद्धारसम्बन्धी कार्यविधिले उद्धारमा धेरै समस्या आएको बताए। 'कार्यविधि संशोधन गर्नैपर्ने खालको छ। यही अवस्थामा उद्धार कार्य सहज छैन,' उनले शनिबार गृह मन्त्रालयमा आयोजित पत्रकार सम्मेलनमा भने ।

गृह मन्त्रालयका अनुसार यही असोज १० गतेदेखि हालसम्म विपद्का कारण जोखिममा परेका ९५१ जना नागरिकको देशभरबाट उद्धार भएको छ। १६ वटा शव हेलिकप्टरबाट उठाइएको छ । २३ हजार ९२३ किलो खाद्यसामग्री र चार हजार ४५० लिटर इन्धन पनि विपद्ग्रस्त क्षेत्रमा वितरण हेलिकप्टरबाट भएको मन्त्रालयले जनाएको छ।

गत साउन १ देखि असोज ९ गतेसम्म भने गृह मन्त्रालयले २३ पटक रक्षा मन्त्रालय र सेनासँग प्रसव पीडामा रहेका गर्भवती र जोखिममा परेका नागरिकको उद्धारका लागि समन्वय गरेको थियो । यस्तै, गत २८ जेठदेखि ३१ असारसम्ममा १६ जना नागरिकको आपत्कालीन उद्धार गरिएको मन्त्रालयले जनाएको छ । मन्त्रालयका अनुसार उद्धार गरिएकामा विपद्बाहेक दुर्घटनामा परी घाइते भएका र विकट क्षेत्रमा तत्काल थप उपचार आवश्यक रहेका नागरिकहरूलाई उद्धार गरिएको हो ।

■■■

### सरकारकै कारण..

तर, ठूलो संख्यामा व्यक्तिगत रूपमा जापान जानुलाई सकारात्मक मान्न नसकिने नेपाल वैदेशिक रोजगार व्यवसायी संघका अध्यक्ष राजेन्द्र भण्डारीले बताए ।

सरकारले कार्यविधि कार्यान्वयनमा ल्याउन नसक्दा बिचौलिया र कन्सल्टेन्सीले फाइदा लिएको उनको दाबी छ । 'जापानमा ठूलो संख्यामा विदेशी कामदारको माग छ, हामी नेपाली कामदार आपूर्ति गर्नसक्ने अवस्थामा पनि छौं तर सरकारको नीति स्पष्ट हुनुपर्‍यो,' उनले भने। हाल ७० हजारभन्दा बढी नेपाली जापानमा कार्यरत रहेको अनुमान गरिएको छ। यद्यपि, सरकारले जापानमा म्यानपावरहरूलाई कामदार पठाउन अनुमति दिने हो भने वार्षिक रूपमा ३० हजारको हाराहारीमा रोजगारीको अवसर प्राप्त हुने अध्यक्ष भण्डारीले बताए ।

---

"कृषिको आधार : सिंचाइमा सुधार"

लुम्बिनी प्रदेश सरकार

उर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय

## जलश्रोत तथा सिँचाइ विकास डिभिजन कार्यालय

दाङ, नेपाल

## Invitation for Bids

**IFB No 1: IFB/WRIDD-DANG/SQ-01/081-82**
**IFB No 2: IFB/WRIDD-DANG/SQ-02/081-82**
**IFB No 3: IFB/WRIDD-DANG/NCB-01/081-82**
**IFB No 4: IFB/WRIDD-DANG/NCB-02/081-82**
**IFB No 5: IFB/WRIDD-DANG/NCB-03/081-82**
**IFB No 6: IFB/WRIDD-DANG/NCB-04/081-82**

***Date of publication: B.S. 2081-06-20***

This is to notify that online Invitation for Bids (IFB) is published for the Construction of Different River Training projects in Dang District (IFB No: as mentioned above) on 2081/06/20 in the e-GP system (https://bolpatra.gov.np/egp) of the government of Nepal. Bidders can bid electronically only (submission of hardcopy is not available). For further details bidders are requested to visit the Water Resources and Irrigation Development Division Office, Dang, or PPMO's Website: https://bolpatra.gov.np/egp.

***Division Chief***

---

## कुवेतमा रोजगार

कम्पनी: NAIL TALK LADIES BEAUTY SALON CO. शहर: Kuwait, Salmiya

पूर्व स्वीकृत मिति : २०८१/०६/१९ LT. No. 311780 चलानी नं ६०२२६२७२

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब KD | मासिक तलब ने.रू. | ओरटाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cashier | 0 | 3 | 140 | ६१,६५५ | क. नि. अनुसार | ८ घण्टा | ६ दिन | क. नि. अनुसार | छैन | छ | २ वर्ष |
| 2 | Cleaner Indoor | 0 | 1 | 110 | ४८,४४३ | | | | | | | |
| 3 | Manicure/Pedicure | 0 | 6 | 150 | ६६,०५९ | | | | | | | |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ असोज २७ गते (13th Oct. 2024) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने /नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सरक्षा कोषकसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैले | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | हुने/रोजगारदाता कम्पनीले | रु. २३०८/- कामदारले तिर्ने | रु. १५००/ कामदार आफैंले | १०,०००/- | रु. ७००/- कामदारले तिर्ने | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Namo Buddha Recruitment Pvt. Ltd.**
Basundhara-3, Kathmandu, Nepal, Phone : + 977-1-4983168, E-mail : info@namobuddharecruitment.com, nbrpl1370@gmail.com, Website : www.namobuddharecruitment.com
श्रम ईजाजत नं. 1370/074/075

---

## कतारमा रोजगार

कम्पनी : AL WATANIYA COMPANY FOR STEEL SECTORS
शहर : ZONE 81 NEW

पूर्व स्वीकृति मिति : २०८१/०६/१९ LT. No. 311049 चलानी नं.६०२२६२६६

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Labour | 4 | 0 | 1000 | ३६,८२२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ असोज २७ गते (13th Oct. 2024) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क:** १०,०००

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**National Exports Manpower Consultant Pvt. Ltd.**
Sinamangal-9, Kathmandu, Nepal, Phone No.: +977-1-4478786, E-mail : nationalexportsmc@gmail.com

---

## युएइमा रोजगारको अवसर

कम्पनी : BASATIN LANDSCAPING LLC

पूर्व स्वीकृति मिति : २०८१/०६/१९ LT. No. 311874 चलानी नं. ६०२२६२६१

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Agriculture Worker | 50 | 0 | 900 | ३३,०३२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Carpenter | 30 | 0 | 1200 | ४४,०४३ | | | | | | | |
| 3 | Forester | 30 | 0 | 1200 | ४४,०४३ | | | | | | | |
| 4 | Garden Workers | 30 | 0 | 900 | ३३,०३२ | | | | | | | |
| 5 | Horticulturist | 30 | 0 | 1200 | ४४,०४३ | | | | | | | |
| 6 | TILE LAYER. | 30 | 0 | 1200 | ४४,०४३ | | | | | | | |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ असोज २९ गते (15th Oct. 2024) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क:** १०,०००

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**FRONTLINE RECRUITMENT PVT.LTD.**
Frontline Recruitment Govt. License 886/067/068
Sinamangal-9, Kathmandu, Nepal, Telephone: 01-4593645, 4593646, 4593647, Mob: 9851100134, 9818819581, 9804705263, Email: info@manpoweragencynepal.com

---

## दोधारा चादनी नगरपालिका

### नगर कार्यपालिकाको कार्यालय

दोधाराचाँदनी, कञ्चनपुर

सुदुरपस्चिम प्रदेश, नेपाल

### बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

(प्रकाशित मिति : २०८१।०६।२०)

यस कार्यालयबाट मिति २०८१।०५।२६ गते राष्ट्रिय स्तर को दैनिक पत्रिकामा प्रकाशित बोलपत्र आव्हानको सूचना अनुसार दर्ता हुन आएका बोलपत्रहरूको मूल्यांकंन गर्दा तपसिल बमोजिमका बोलपत्रहरू न्यूनतम मूल्याकिंत सारभूत रुपमा प्रभावग्राही भई मूल्यांकन समितिबाट स्वीकृतको लागि सिफारिस भै आए बमोजिम सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ (२) तथा सार्वजनिक खरिद ऐन २०६३ को दफा ४७ को प्रयोजनार्थ सम्बन्धित सबै बोलपत्रदाताहरूको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

| सि.न | ठेक्का नं. | कामको बिवरण | छनौट भएको बोलपत्रदाता | कबोल अंक (मु.अ.क बाहेक) | कैफियत |
|---|---|---|---|---|---|
| १ | ०३/२०८१/०८२ | पथ्थरनाला-जुफेल टोल-गल्मेली टोल-मिलन चौराहा-एनसेल टावर सडक कालोपत्रे निर्माण योजना, वडा नं ०६ | श्री न्यु हुनैनाथ निर्माण सेवा, दो.चा.न.पा ०२, कंचनपुर | १९,१७,०१४।०० | |

(गणेश दत्त मिश्र)
प्रमुख प्रशासकिय अधिकृत

---

# Kalimati Rural Municipality

## Office of the Rural Municipal Executive

### Rampur, Salyan

## Invitation For Bids

Second Notice

Date of Publication: (06/10/2024)

1. Kalimati Rural municipality invites electronic bids from Registered Nepalese eligible bidders for the following work

| S.N. | Contract ID | Description and location of work | Estimate Amount with VAT (NRs) | Bid Security Amount (NRs) | Bid Document Fee (NRs) |
|---|---|---|---|---|---|
| 1 | RE:KRM/SQ/WORKS/2081/82/7 | Dalit Adharbhut bidhyalaya nirman ward no 4 | 1438812.62/- | 30000/- | 1,000/- |

2. Eligible Bidders may obtain further information at the office of Kalimati Rural Municipality, Rampur Salyan, Mailing address : ito.kalimatigaupalika@gmail.com Contact no.: 9857844300 or may visit E-procurement section of PPMO's Web Site https://bolpatra.gov.np/egp.
3. Bids must be submitted through PPMO website; www.bolpatra.gov.np/egp on or before 12.00 on 21/10/2024 for Sealed quotation, Bids received after this deadline willbe rejected.
4. The bids will be opened in the presence of Bidder's representative who choose to attend at 14:00 hour on (21/10/2024) for Sealed quotation at the office of Kalimati Rural Municipality Rampur, Salyan.

**Chief Administrative Officer**

---

नेपाल सरकार

गृह मन्त्रालय

## सशस्त्र प्रहरी बल, नेपाल प्रधान कार्यालय

(प्रबन्ध महाशाखा, हलचोक, काठमाडौं)

### राष्ट्रियस्तरको बोलपत्र आह्वानको सूचना नं. (APF/NCB/R/01/2081/082)

*(सूचना प्रकाशन मिति : २०८१/०६/२० गते)*

१. पशु स्वास्थ्य डग हैण्डलर उपशाखा, स.प्र.बल, नेपाल प्र.का.बलम्बुमा कार्यरत डग संख्या ३० (तीस) को निमित्त २०८१ साल माघ १ गते देखि २०८२ साल पौष मसान्तसम्म वर्ष १ (एक) को लागि डग राशन सामाग्रीहरू e-bidding को माध्यमबाट आपूर्ति व्यवस्था गर्नु पर्ने भएकोले राशन आपूर्ति सम्बन्धी व्यवसाय गर्न सम्बन्धित निकायबाट ईजाजत प्राप्त ईच्छुक नेपाली बोलपत्रदाताहरूबाट बोलपत्र पेश गर्न यो सूचना प्रकाशित गरिएको छ ।

२. बोलपत्र सम्बन्धी कागजातको दस्तुर रु.३,०००।- फिर्ता नहुने गरी यस कार्यालयको कोड नं.३१४०५३५०७, राजश्व खाता नं.१०००१००२०००१००००, राजश्व शीर्षक नं.१४२२९ मा नगदै जम्मा गरेको बैंक भौचरको Scanned Copy PDF Format मा Upload गर्नु पर्नेछ ।

३. बोलपत्रदाताले बोलपत्रसाथ पेश गर्नु पर्ने सम्पूर्ण कागजातहरू मिति २०८१/०७/२६ गते १२:०० बजे भित्र www.bolpatra.gov.np./egp मा Scanned Copy PDF Format मा Upload गरी सक्नु पर्नेछ ।

४. e-submission भएका बोलपत्रहरू मिति २०८१/०७/२६ गते १३:०० बजे बोलपत्रदाता वा निजको प्रतिनिधिको रोहवरमा यस कार्यालयमा खोलिने छ । बोलपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभए पनि बोलपत्र खोल्न बाधा पर्ने छैन । पूर्व निर्धारित मितिमा कारणबस बोलपत्र नखोलिएको अवस्थामा बोलपत्र र बोलपत्र जमानतको मान्य अवधिको गणना पूर्व निर्धारित मितिदेखि नै गरिनेछ ।

५. बोलपत्रसाथ को.ले.नि.का, काठमाडौंको राष्ट्रिय बाणिज्य बैंक शाखा कार्यालय ठमेल, काठमाडौं स्थित धरौटी खाता नं.११०००१०२०३०००० ख २-३ यस कार्यालयको कोड नं.३१४०५३५०७ मा रु.१,४५,०००।- नगदै जम्मा गरेको बैंक भौचर वा सो रकम बराबरको कुनै बाणिज्य बैंक वा बित्तिय संस्थाबाट यस कार्यालयको नाममा जारी भएको कार्य प्रयोजन खुलेको बोलपत्र जमानत पेश गर्नु पर्नेछ। सो को मान्य अवधि बोलपत्र पेश गर्ने अन्तिम मितिबाट गणना गर्दा बोलपत्रको मान्य अवधि (९० दिन) भन्दा कम्तिमा पनि ३० दिन बढी हुनु पर्नेछ ।

६. Pre Bid Meeting मिति २०८१/०७/०९ गते १३:०० बजे यस कार्यालयमा राखिएको छ ।

७. बोलपत्र सम्बन्धी अन्य कुनै कुरा बुझ्नु परेमा वा बोलपत्र सम्बन्धी कागजात हेर्नु परेमा यस कार्यालयको सम्पर्क नं.०१-५२४९००५ मा सम्पर्क गर्न सकिने छ। साथै यो सूचना सशस्त्र प्रहरी बल, नेपालको website: www.apf.gov.np मा र सार्वजनिक खरिद अनुगमन कार्यालयको website: www.ppmo.gov.np मा पनि हेर्न सकिने छ ।

# 'विपद्पश्चात् संक्रमणजन्य रोग फैलिएको सूचना आएको छैन'

**काठमाडौं (प्रस)–** स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले देशका कुनै पनि ठाउँबाट विपद्पश्चात् महामारीजन्य रोग फैलिएको जानकारीमा नआएको बताएको छ । मन्त्रालयका प्रवक्ता डा. प्रकाश बुढाथोकीले शनिबारसम्म रोग फैलिएकोबारे मान्त्रालयमा कुनै जानकारी नआएको बताए । उनले भने, 'हामीले पखालालगायत हैजाजस्ता कीटजन्य तथा पानीजन्य रोगहरू एकै ठाउँमा धेरै जनालाई संक्रमण भएको देखिए जानकारी गराउन भनेका छौं । हालसम्म त्यस्तो खबर आएको छैन ।'

अघिल्लो साता देशका अधिकांश स्थानमा परेको अविरल वर्षाका कारण बाढीपहिरो, डुबानलगायत विपद्का कारण जनधनको क्षति भएको छ । विपद्ले पानीका स्रोतहरू प्रदूषित हुने हुँदा महामारीजन्य रोगको सम्भावना अधिक रहने र यस्तो अवस्थामा सबैले सतर्कता अपनाउन जरुरी रहेको प्रवक्ता डा. बुढाथोकीको भनाइ छ ।

शुक्रराज ट्रपिकल तथा सरुवारोग अस्पतालका प्रमुख कन्सल्टयान्ट फिजिसियन डा. विमल चालिसेले विपद्पश्चात् एकैपटक महामारीजन्य रोग फैलिएर हालसम्म कोही पनि बिरामी नआएको बताए । 'विपद्पश्चात् महामारीजन्य रोगबाट संक्रमित बिरामीहरू यहाँ आउनुभएको छैन यद्यपि महामारीजन्य रोग बढ्न सक्नेतर्फ सचेत रहँदै उपचारका लागि तयारीमा रहेका छौं,' उनले भने, 'विपद्पछि पानीजन्य तथा कीटजन्य रोगहरू बढ्ने हुन्छ । खानेपानीको स्रोत दूषित हुँदा पखाला, हेपाटाइटिस र स्क्रब टाइफसको संक्रमण हुने सम्भावना रहन्छ । त्यसकारण यस्तो बेला उच्च सतर्कता आवश्यक हुन्छ ।'

साथै लामखुट्टेको टोकाइ, सर्पदंशको घटना पनि बढ्ने सम्भावना रहेकाले आवश्यक सावधानी अपनाउने, व्यक्तिगत सरसफाइमा विशेष ध्यान दिने, खानेपानीको शुद्धता ख्याल गरेर प्रयोग गर्ने, तरकारीलगायत फलफूलहरू राम्ररी सफा गरेर मात्र प्रयोग गर्नेबारे सबैले ध्यान दिनुपर्नेमा डा. चालिसेको जोड छ ।

हाल स्वास्थ्य मन्त्रालयले विपद् प्रभावित, घाइतेहरू र जनघनत्व बढी भएका क्षेत्रमा स्वास्थ्य शिविर सञ्चालन गरिरहेको जनाएको छ । धेरै ठाउँमा स्वास्थ्य संस्थाहरू आंशिक तथा पूर्णरूपमा क्षति भएकाले टेन्ट राखेर भए पनि उपचार दिइरहेको मन्त्रालयका प्रवक्ता डा. बुढाथोकीले जानकारी दिए । उनले भने, 'मन्त्रालयले पालिका तथा प्रादेशिक तहसँग मिलेर विभिन्न ठाउँमा स्वास्थ्य शिविरहरू सञ्चालन गरिरहेका छौं । जनघनत्व तथा बढी विपद् प्रभावित क्षेत्र काभ्रे, सिन्धुली, पनौतीमा शिविर सञ्चालन भइरहेका छन् ।'

डा. बुढाथोकीले महामारीजन्य रोगहरू सम्भाव्य जोखिम आकलन गरी सम्पूर्ण स्वास्थ्य संस्थाहरूमा चिकित्सक तथा स्वास्थ्यकर्मीलाई यी रोगबारे जानकारी दिएर सोहीअनुसार सावधानी अपनाएर उपचार र जनचेतना फैलाउन भनिएको बताए । विपद् प्रभावित क्षेत्रबाट करिब ६०० जनाले बहिरंग उपचार सेवा लिएको जानकारी दिँदै प्रवक्ता डा. बुढाथोकी भन्छन्, 'उपचार गराउनुपर्ने घाइतेहरू अझै बढ्ने देखिन्छ । धेरैलाई निःशुल्क उपचार भइरहेको जानकारी नहुन पनि सक्छ, त्यसैले पनि हाल धेरैजना स्वास्थ्य संस्थासम्म आउन सकेका छैनन् । स्वास्थ्य शिविर सञ्चालन भइरहेका छन् । उपचारबारे थाहा हुनेले चिनेजानेकालाई जानकारी गराउन सक्नुहुन्छ ।'

मन्त्रालयले विपद्बाट घाइतेहरूको निःशुल्क उपचार हुने बताएको छ । आपत्कालीन अवस्थामा स्वास्थ्यसम्बन्धी कुनै समस्याका बारेमा जानकारी आवश्यक परेमा कल सेन्टरको हटलाइन नं. '११९५' मा सम्पर्क गर्न सक्ने छन् ।

# चाडबाड मनाउन भारतबाट फर्किनेको भीड

**वेदकोट (कञ्चनपुर)–** कामको सिलसिलामा भारत गएका नेपालीहरू चाडबाड मनाउन स्वदेश फर्कन थालेका छन् । पछिल्ला दिनमा नेपालको पश्चिमी सीमानाका गड्डाचौकी भएर स्वदेश फर्किनेको भीड नै लाग्न थालेको छ । दसैंको खर्च जोहो गरेर घरपरिवारसँग चाडबाड मनाउनका लागि स्वदेश फर्किन पाउँदा उनीहरू खुसी व्यक्त गर्छन् । दुई वर्षपछि दसैं मनाउने क्रममा घर फर्कंदै गरेका बाजुराका हिरण्य गिरीले चाडबाडको समय घर फर्कन पाउँदा खुसी लागेको बताए ।

'दुई वर्ष परिवारसँग दसैं तिहार मनाउन पाइनँ । यसपटक थोरै पैसा बचाएर चाडबाड मनाउन घर जाँदै छु' गड्डाचौकी नाकामा भेटिएका गिरीले भने, 'स्वदेशमा काम पाइँदैन, दसैं तिहार मनाएर फेरि भारततिर जान्छु ।' स्वदेशमा गतिलो आम्दानी गर्ने अवस्था भए भारत नजाने उनी बताउँछन् । गिरीले विगत पाँच वर्षदेखि भारतको दिल्लीमा गाडी चलाउँदै आएका छन् । स्वदेशमा गतिलो कमाइ नभएपछि घर खर्च चलाउन भारत जानुपरेको उनी बताउँछन् ।

त्यस्तै सुर्खेतका हर्कबहादुर थापाले भारतको सिम्लामा काम गर्न थालेको १० वर्षभन्दा बढी भइसक्यो । उनी भारतमा स्याउ टिप्ने काम गर्छन् । हर्कबहादुरसँगै गाउँका अन्य पनि सिम्लामा स्याउँ टिप्ने काम गर्छन् । चाडबाड र खेतीपातीका लागि घर फर्किएको उनले बताए । 'अरुबेला बाहिर गएर जति दुःख गरे पनि चाडबाडमा सधैं घर पुग्छु' उनले भने, 'घरपरिपारसँग चाडबाड मनाउन पाउँदा निकै खुसी लाग्छ ।'

चाडबाड सुरु भएसँगै गड्डाचौकी नाकाबाट स्वदेश फर्किनेको चाप बढ्न थालेको जिल्ला प्रहरी कार्यालय कञ्चनपुरका प्रहरी नायब उपरीक्षक उमेश जोशीले बताए । गड्डाचौकी नाका भएर दैनिक तीन-चार सयको हाराहारीमा नेपाली नागरिक भित्रिरहेका छन् । कामको खोजीमा सुदूरपश्चिम, कर्णालीलगायत ठाउँका नेपाली नागरिक भारतको विभिन्न ठाउँमा जाने गरेका छन् । *रासस*

# ललितपुरका बाढीपीडितलाई महामारीको चिन्ता



**ललितपुर (प्रस)–** गत साता ललितपुरको नख्खुखोलामा आएको बाढीका कारण ठूलो जनधनको क्षति भएको छ । त्यहाँका बासिन्दा अहिले अन्यत्रै बसेर पुनःस्थापनाका लागि काम गरिरहेका छन् । तर उनीहरूमा जति बाढीका कारण पाएको दुःख छ त्योभन्दा बढी चिन्ता अहिले नख्खुखोलामा फैलिएको दुर्गन्धका कारण महामारी सुरु हुने हो कि भन्ने चिन्ता पनि छ ।

बाढीले पशु बगाएर ल्याएको हुँदा नख्खुखोला दुर्गन्धित भएको छ । बाढीका कारण ढल फुटेको छ । आफूहरूले मास्क लगाएर काम गरिरहेको ललितपुर नख्खुखोलाका बाढीपीडितको भनाइ छ । यसले महामारी फैलने जोखिम बढाएको उनीहरूको चिन्ता छ ।

ललितपुर महानगरपालिकाले दुर्गन्ध कम गर्न औषधि हालेपछि दुर्गन्धमा केही कमी आए पनि खोला छेउका बस्तीमा काम गर्न निकै मुस्किल रहेको वडा नं ४ का मिलन यसमाइली मगरले बताए । उनले भने, 'औषधि छर्केदेखि दुर्गन्ध अहिले कम भएको छ, तर पूर्ण रूपमा हटिसकेको छैन । यस्तै दुर्गन्ध रहिरह्यो भने महामारी फैलिन्छ कि भन्ने त्रास छ ।'

नगरप्रहरीले तीन दिनयता निरन्तर खोलामा औषधि छर्केको वडा नं १३ का वडाध्यक्ष गणेश केसीले बताए । उनले भने, 'विद्युत् अवरुद्ध भएको सबै ठाउँमा विद्युत् सञ्चालन गरेका छौं, पानीको अझै समस्या छ । बाढीका कारण ढलमा आएको समस्याले दुर्गन्ध फैलिने समस्या छ । हामी व्यवस्थापनमा जुटेका छौं ।'

हावा चलेको समय र दिउँसो घाम लागेको समयमा खोलाको गन्धले काम गर्न मुस्किल भएको वडा नं २५ खोलामा बस्दै आएकी रेणुको लिम्बूले बताइन् । उनले भनिन्, 'दुर्गन्ध निकै छ । बाढीले पुरेको सामान निकाल्न खोजेको गन्धका कारण निकाल्नै गाह्रो छ । गन्धका कारण आफू बिरामी परिन्छ कि भन्ने डर छ ।'


## सच्याईएको सूचना

मिति २०८१/०६/१९ गते शनिबार प्रकाशित लालिगुराँस सा.व.उ.स राप्ती सोनारी -२ हरिहरपुर, बाँकेको शिलवन्दी दरभाउ पत्र प्रक्रियाबाट वन पैदावर लिलाम बिक्रीको सुचनामा पहिलो पटक सुचना प्रकाशित मिति २०८१/०६ /१९ हुनुपर्नेमा अन्यथा हुन पुगेकाले सच्याईएको छ ।

## मोटरसाइकल हराएको सूचना

मिति २०८१।०६।०८ गते काठमाडौं जिल्ला, शान्तिनगर, प्रयागमार्ग वडा नं. ३१, घरमा पार्किङ गरी राखेको कालो, रातो रङ्गको 150 CC Pulsar मोटरसाइकल, साँझको अन्दाजी ६:३० बजेतिर हराएको हुँदा पाउनु हुने वा देख्नुहुने महानुभावहरूले नजिकैको प्रहरी कार्यालय वा तलको ठेगानामा सम्पर्क गरिदिनु हुन बिनम्र अनुरोध गर्दछु ।

**धनीको नाम : सुदिप नेपाल**
**बाइक नं.: बा.प्र. ०२-०५० प ६१०३**
**च्यासिस नं.: MD2A11CX3RPB55692**
**इन्जिन नं. : DHXPRB71322**
**ठेगाना: शान्तिनगर, प्रयागमार्ग, सोल क्याफे**
**सम्पर्क: ९८४११५१२१७**

## कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

***तेस्रो पटक प्रकाशित मिति : २०८१/०६/२०***

कम्पनी ऐन, २०६३ बमोजिम स्थापना भएको प्रा. लि. नं. २७५३३४ को साविक **सिद्धार्थ टेक प्रा. लि.** कम्पनीको नाम परिवर्तन भई अबउप्रान्त **सिद्धार्थ लिंक प्रा. लि.** कायम हुने गरि कम्पनी रजिष्ट्रारको कार्यालयबाट मिति २०८१/०६/०९ मा स्वीकृती प्राप्त भईसकेकोले सोही बमोजिम हुने व्यहोरा सम्बन्धित सबैमा जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

**सिद्धार्थ टेक प्रा. लि., का.म.न.पा. ३२, कोटेश्वर,काठमाडौं**

## कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

***तेस्रो पटक प्रकाशित मिति : २०८१/०६/२०***

कम्पनी ऐन, २०६३ बमोजिम स्थापना भएको प्रा. लि. नं. १६०८१८ को साविक **सिद्धार्थ स्वीट्स एण्ड बेकरी प्रा. लि.** कम्पनीको नाम परिवर्तन भई अबउप्रान्त **सिद्धार्थ बेक्स प्रा. लि.** कायम हुने गरि कम्पनी रजिष्ट्रारको कार्यालयबाट मिति : २०८१/०६/१० गते समेत स्वीकृती प्राप्त भईसकेकोले सोही बमोजिम हुने व्यहोरा सम्बन्धित सबैमा जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

**सिद्धार्थ स्वीट्स एण्ड बेकरी प्रा. लि., का.म.न.पा. ३२, कोटेश्वर,काठमाडौं**

## कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

***तेस्रो पटक प्रकाशित मिति : २०८१/०६/२०***

कम्पनी ऐन, २०६३ बमोजिम स्थापना भएको प्रा. लि. नं. १५९९८० को साविक **सिद्धार्थ इन्स्टिच्युट अफ हस्पिटालिटी प्रा. लि.** कम्पनीको नाम परिवर्तन भई अबउप्रान्त **सिद्धार्थ एकेडेमिया एण्ड रिसर्च सेन्टर प्रा. लि.** कायम हुने गरि कम्पनी रजिष्ट्रारको कार्यालयबाट मिति : २०८१/०६/०९ गते समेत स्वीकृती प्राप्त भईसकेकोले सोही बमोजिम हुने व्यहोरा सम्बन्धित सबैमा जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

**सिद्धार्थ इन्स्टिच्युट अफ हस्पिटालिटी प्रा. लि., का.म.न.पा. ३२, कोटेश्वर,काठमाडौं**

## एस इन्टरनेसनल बिजनेस स्कूल, सिनामंगलको स्थान परिवर्तन सम्बन्धी जरूरी सूचना

**प्रथम पटक प्रकाशित मिति: २०८१/०६/२०**

काठमाडौं जिल्ला काठमाडौ महानगरपालिका वडा नं ९ स्थित सिनामंगलमा सञ्चालन भईरहेको यस **एस इन्टरनेसनल बिजनेस स्कूल** काठमाडौं महानगरपालिका वडा नं ३१ स्थित नयाँवानेश्वर, एकता मार्गमा रहेको कलेज भवनमा सञ्चालन स्थान परिवर्तित गर्न लागेको हुँदा सो सम्बन्धमा कसैको कुनै उजुरी दावी रहेको भए यो सूचना प्रथमपटक प्रकाशित भएको मितिले ३५ दिन भित्र यस कलेजमा वा शिक्षा बिज्ञान तथा प्रविधि मन्त्रालय, सिंहदरवारको उच्च शिक्षा शाखामा उजुरी दावी विरोध पेश गर्न हुन सार्वजनिक रूपमा सूचित गरिन्छ । उक्त मिति भित्र कुनैपनि दावी विरोध पेश हुन नआएमा नियम अनुसार भैजाने व्यहोरा समेत जानकारी गराइन्छ ।


## कुमारी बैंक लिमिटेडको धितोमा रहेको सम्पति लिलाम बिक्रीको लागि १५ दिने गोप्य शिलबन्दी बोलपत्र आव्हानको सूचना

(प्रकाशित मिति २०८१/०६/२० गते प्रभाव दैनिक)

यस कुमारी बैंक लिमिटेडको तपसिलमा उल्लेखित ऋणीहरुले प्राप्त गरेको ऋणकर्जाको बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज, पेनाल ब्याज आदि चुक्ता भुक्तान गर्न पटक पटक लिखित एवं मौखिक रुपमा सूचना गरी तरताकेता गर्दा समेत नतिरी नबुझाई बैंकसंग भएको ऋणकर्जा सम्बन्धी शर्तबन्देजहरु उल्लंघन गरेको हुनाले निज ऋणीहरुलाई सम्पूर्ण कर्जा, सो कर्जाको ब्याज, पेनाल ब्याज तथा अन्य दै दस्तुरहरु तिर्न बुझाउनको लागि ३५ दिने सार्वजनिक सूचना प्रकाशित गर्दा समेत निज ऋणीहरुले प्राप्त ऋणकर्जाको बैंकलाई तिर्न बुझाउनु पर्ने ऋणकर्जाको साँवा, ब्याज, पेनाल ब्याज आदि चुक्ता भुक्तान नगरेकाले बैंकलाई कर्जाको सुरक्षण बापत धितोबन्धक लेखिदिएको तपसिलमा उल्लेखित सम्पत्ति तथा सोको लिगलगापातहरु समेत जहां जे जस्तो अवस्था र परिमाणमा छ, सोही अवस्था र परिमाणमा बिक्री गर्न यो १५ दिने लिलाम सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रकाशित भएको **मितिले १६ औं दिन अर्थात मिति २०८१ कात्तिक ०५ गते सोमबार**का दिन सम्बन्धित शाखा/कर्जा असुली विभाग बागबजार, काठमाण्डौमा गोप्य शिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गरी बैंकको लेना रकम असुल उपर गरिने भएको हुँदा सर्वसाधारणको जानकारीको लागि यो गोप्य शिलबन्दी बोलपत्र आव्हानको सूचना प्रकाशित गरिएको छ । धितोमा रहेको अचल सम्पत्तिहरु सकार गरी लिन ईच्छुक महानुभावहरुले देहायका शर्तबन्देजहरुको अधिनमा रहि गोप्य शिलबन्दी बोलपत्र दिन सक्नुहुनेछ ।

**तपसिल**

### बौद्ध, काठमाण्डौ शाखा

| १. ऋणीको विवरण | लिलाम हुने सम्पत्तिको विवरण |
|---|---|
| **इबेस प्रधान**<br>ना.प्र.नं.- २७१०६०/३६३१७<br>जारी मिति - २०६५/१२/२७, जि.प्र.का. काठमाण्डौ<br>बाबु - इन्द्र बहादुर प्रधान<br>बाजे- नारायण बहादुर प्रधान<br>स्थायी ठेगाना- काठमाण्डौ जिल्ला, का.म.न.पा वडा नं.२९<br>हालको ठेगाना- काठमाण्डौ जिल्ला, का.म.न.पा वडा नं. १६ | १. **इन्द्र वहादुर प्रधान**को नाममा मालपोत कार्यालय, काठमाण्डौमा दर्ता कायम रहेको काठमाण्डौ जिल्ला, काठमाण्डौ म.न.पा. वडा नं. २९ स्थित कित्ता नं. २५०२ को क्षे.फ. ३४.६० (व.मी) जग्गा/घर तथा सोको सम्पुर्ण लिगलगापातहरु समेत । |

**व्यक्तिगत जमानीकर्ताहरुको विवरण**

| | |
|---|---|
| १. **इन्द्र बहादुर प्रधान**<br>ना.प्र.नं.- १०८८९/१७७<br>जारी मिति - २०३७/०२/०५ जि.प्र.का. काठमाण्डौ<br>बाबु - नारायण बहादुर प्रधान<br>बाजे - कटक बहादुर प्रधान<br>स्थायी ठेगाना- काठमाण्डौं जिल्ला, का.म.न.पा. वडा नं. २९<br>हालको ठेगाना- काठमाण्डौं जिल्ला, का.म.न.पा. वडा नं. १६ | ३. **संजय प्रधान**<br>ना.प्र.नं.- २७३५९६०/७१२७,<br>जारी मिति - २०६३/०४/०२, जि.प्र.का. काठमाण्डौ<br>बाबु - कृष्ण बहादुर राजभण्डारी<br>बाजे - इन्द्र वहादुर प्रधान<br>स्थायी ठेगाना- काठमाण्डौ जिल्ला, का.म.न.पा. वडा नं. २९<br>हालको ठेगाना- काठमाण्डौ जिल्ला, का.म.न.पा. वडा नं. १६ |
| २. **बद्री कुमारी राजभण्डारी प्रधान**<br>ना.प्र.नं.- ६८६७/१७५,<br>जारी मिति - २०३८/१२/११ जि.प्र.का. काठमाण्डौ<br>बाबु - कृष्ण बहादुर राजभण्डारी<br>बाजे - धन बहादुर राजभण्डारी<br>स्थायी ठेगाना- काठमाण्डौं जिल्ला, का.म.न.पा. वडा नं. २९<br>हालको ठेगाना- काठमाण्डौं जिल्ला, का.म.न.पा. वडा नं. १६ | |

### लाहान, सिरहा शाखा

**१. ऋणीको विवरण**

प्राइभेट फर्म रजिष्ट्रेसन ऐन, २०१४ (संशोधन सहित) बमोजिम, नेपाल सरकार, वाणिज्य तथा आपूर्ति मन्त्रालय, वाणिज्य विभाग प्राइभेट फर्म रजिष्टेसनको कार्यालयमा मिति २०६९/११/१० मा दर्ता नं. १७०६०/०६९/०७० दर्ता कायम भई सप्तरी जिल्ला, मोहनपुर गा.वि.स वडा नं. ५ स्थित रजिष्टर्ड कार्यालय रहेको **बुद्ध ट्रेडर्स एण्ड सप्लायर्स ।**
**प्रोपाईटर तारणी प्रसाद चौधरी**

**व्यक्तिगत जमानीकर्ताहरुको विवरण**

| | |
|---|---|
| १. **तारणी प्रसाद चौधरी**<br>ना.प्र.नं.- ६२६८८५३४,<br>जारी मिति - २०५०/१२/२५, जि.प्र.का. सप्तरी<br>बाबु - किसुन चौधरी<br>बाजे - विकु चौधरी<br>स्थायी ठेगाना- सप्तरी जिल्ला मोहनपुर गा.वि.स वडा नं. १<br>हालको ठेगाना- सप्तरी जिल्ला, शम्भुनाथ न.पा. वडा नं. ०६ | ३. **विपिन कुमार चौधरी**<br>ना.प्र.नं.- ६८२६९३४२८<br>जारी मिति - २०५०/१२/२५ जि.प्र.का. सप्तरी<br>बाबु - किसुन चौधरी<br>बाजे - विकु चौधरी<br>स्थायी ठेगाना- सप्तरी जिल्ला मोहनपुर गा.वि.स वडा नं. १<br>हालको ठेगाना- सप्तरी जिल्ला, शम्भुनाथ न.पा. वडा नं. ०६ |
| २. **मजुरनी देवी**<br>ना.प्र.नं.-६२६८००३९,<br>जारी मिति - २०४४/११/२९, जि.प्र.का. सप्तरी<br>बाबु - रतिलाल चौधरी<br>पति - किसुन चौधरी<br>ससुरा - विकु चौधरी<br>स्थायी ठेगाना- सप्तरी जिल्ला मोहनपुर गा.वि.स वडा नं. २<br>हालको ठेगाना- सप्तरी जिल्ला, शम्भुनाथ न.पा. वडा नं. ०६ | ४. **सुनिता देवी चौधरी**<br>ना.प्र.नं.- १६३०८१/७७<br>जारी मिति - २०७३/११/२८, जि.प्र.का. सप्तरी<br>बाबु - देवीदास चौधरी<br>पति - तारणी प्रसाद चौधरी<br>ससुरा - किसुन चौधरी<br>स्थायी ठेगाना- सप्तरी जिल्ला मोहनपुर गा.वि.स वडा नं. १<br>हालको ठेगाना- सप्तरी जिल्ला, शम्भुनाथ न.पा. वडा नं. ०६ |

**लिलाम हुने सम्पत्तीको विवरण**

१. **विपिन कुमार चौधरी**को नाममा मालपोत कार्यालय, राजविराज सप्तरीमा दर्ता कायम रहेका सप्तरी जिल्ला, मोहनपुर गा.वि.स वडा नं. १ स्थित कित्ता नं. ३९० र ६४२ को क्षेत्रफल क्रमश ०-४-३-० र ०-१-१५.५-० (बि.क.धु.क) जग्गा र सो जग्गामा निर्माण भएको घर तथा सोको सम्पुर्ण लिगलगापातहरु समेत ।
२. **मजुरनी देवी**को नाममा मालपोत कार्यालय, राजविराज सप्तरीमा दर्ता कायम रहेका सप्तरी जिल्ला, सखुवा कन्चनदाहा गा.वि.स वडा नं. ३क स्थित कित्ता नं. ७३६ को क्षेत्रफल ०-१-०-० (बि.क.धु.क) जग्गा र सो जग्गामा निर्माण भएको घर तथा सोको सम्पुर्ण लिगलगापातहरु समेत ।
३. **विपिन कुमार चौधरी**को नाममा मालपोत कार्यालय, राजविराज सप्तरीमा दर्ता कायम रहेका सप्तरी जिल्ला, मोहनपुर गा.वि.स वडा नं. ६क स्थित कित्ता नं. ५०५ को क्षेत्रफल ०-०-१९-०(बि.क.धु.क) जग्गा र सो जग्गामा निर्माण भएको घर तथा सोको सम्पुर्ण लिगलगापातहरु समेत ।

### थानकोट, काठमाण्डौ शाखा

**१. ऋणीको विवरण**

प्राइभेट फर्म रजिष्ट्रेसन ऐन, २०१४ बमोजिम नेपाल सरकार, उद्योग मन्त्रालय, कम्पनी रजिष्टारको कार्यालय काठमाण्डौ, नेपालमा मिति २०६६/०५/०२ प्रा.फ.र.नं. ६५१५८/०६६/०६७ कायम भई दर्ता रहेको काठमाण्डौ जिल्ला, काठमाण्डौ म.न.पा. वडा नं. २ गैरीधारा स्थित रजिष्टर्ड कार्यालय रहेको **उपलब्धि प्रकाशन सेवा प्रा.लि. ।**

**व्यक्तिगत जमानीकर्ताहरुको विवरण**

| | |
|---|---|
| १. **बिपिन शर्मा मिश्र**<br>ना.प्र.नं.- ०१२८३२९८<br>जारी मिति - २०५२/०७/२१, जि.प्र.का. झापा<br>बाबु - जगदिश शर्मा मिश्र<br>बाजे - तुलसीराम मिश्र<br>स्थायी ठेगाना- झापा जिल्ला, अनारमनी गा.वि.स. वडा नं. २<br>हालको ठेगाना- काठमाण्डौ जिल्ला, चन्द्रागीरी ना.पा. वडा नं.०१ दहचोक | ३. **देविका मिश्र**<br>ना.प्र.नं.- ०४१०१२/११४९<br>जारी मिति - २०६५/०७/१७, जि.प्र.का. काठमाण्डौ<br>बाबु - जगदिश शर्मा मिश्र<br>पति - देवराज शर्मा<br>स्थायी ठेगाना- काठमाण्डौ जिल्ला, चन्दागिरी न.पा. वडा नं.०१ दहचोक |
| २. **देवराज शर्मा**<br>ना.प्र.नं.- ०४१००७/७९१<br>जारी मिति - २०६५/०७/१८, जि.प्र.का. काठमाण्डौ<br>बाबु - जगदिश शर्मा मिश्र<br>बाजे - तुलसीराम मिश्र<br>स्थायी ठेगाना- काठमाण्डौ जिल्ला, चन्दागिरी न.पा. वडा नं.०१ दहचोक | ४. **प्रतिभा निरौला**<br>ना.प्र.नं.- ४६७९१/२४००<br>जारी मिति - २०५८/०३/०७, जि.प्र.का. ताप्लेजुङ<br>ससुरा - जगदिश शर्मा मिश्र<br>पति - बिपिन शर्मा मिश्र<br>स्थायी ठेगाना- ताप्लेजुङ जिल्ला, फुलबारि गा.वि.स. वडा नं.०२<br>हालको ठेगाना- काठमाण्डौ जिल्ला, चन्द्रागीरी ना.पा. वडा नं. १ दहचोक |

**लिलाम हुने सम्पतीको विवरण**

१. **प्रतिभा निरौला**को नाममा मालपोत कार्यालय, कलंकी, काठमाण्डौमा दर्ता कायम रहेको काठमाण्डौ जिल्ला, बलम्बु गा.वि.स./न.पा. वडा नं. ८/क स्थित कित्ता नं. १२८७ को क्षेत्रफल ०-३-२-० (रोपनी) को जग्गा तथा सोको सम्पूर्ण लिगलगापातहरु समेत ।
२. **प्रतिभा निरौला**को नाममा मालपोत कार्यालय, झापामा दर्ता कायम रहेको झापा जिल्ला, दमक न.पा. वडा नं. १७ स्थित कित्ता नं. १०७ र २०६ को क्षेत्रफल क्रमश: ६४२० र ७९३० (व.मी.) को जग्गा तथा सोको सम्पूर्ण लिगलगापातहरु समेत ।
३. धनि कुमारी बैंक लि. (साबिक एन.सी.सी. बैंक लि.) र ऋणी **उपलब्धि प्रकाशन सेवा प्रा.लि.** कायम भई यातायात व्यबस्था कार्यालय, साना/ठूला सवारी, बागमती प्रदेश, ललितपुरमा दर्ता कायम रहेको च्यासिस नं. MA3CRLF1500940786, ईन्जिन नं. G12BN957080, सवारी दर्ता नं. बागमती प्रदेश ०१ ०२५ च ९७४८ को ECCO CARGO भ्यान थान १ ।

**शर्तबन्देजहरु:**

१. शिलबन्दी बोलपत्र यो सूचना प्रकाशित भएको **मितिले १५ दिन अर्थात २०८१ कात्तिक ०४ गते** भित्र बैंकको सम्बन्धित शाखा/कर्जा असुली विभाग बागबजार, काठमाण्डौमा कार्यालय समय भित्र प्राप्त भई सक्नु पर्नेछ ।
२. बोलपत्र फारम कुमारी बैंक लिमिटेडको सम्बन्धित शाखा/कर्जा असुली विभाग बागबजार, काठमाण्डौबाट रु. ५००/- तिरी प्राप्त गर्न सकिनेछ । उक्त बोलपत्रमा बोलपत्रवालाको हस्ताक्षर सहित शिलबन्दी गरी बाहिर (घर/जग्गाको बोलपत्र) समेत प्रस्ट रुपमा लेखिएको हुनुपर्नेछ ।
३. बोलपत्रमा आफुले लिन चाहेको धितोमा रहेको सम्पत्ति, के कति रकममा सकार गरी लिन चाहेको हो, स्पष्ट गरी अंक तथा अक्षरमा लेखिएको हुनुपर्नेछ र आफुले कबोल गरेको रकमको १० (दश) प्रतिशतको दरले हुने धरौटी बापत रकम कुमारी बैंक लि.मा जम्मा गरेको भौचर, कुमारी बैंक लि. को नाममा गुड फर पेमेन्ट (Good For Payment) चेक बनाई बोलपत्रको साथमा संलग्न गरेको हुनुपर्नेछ, सो बाहेक अन्य कुनै किसिमका धरौटी स्वीकार गरिने छैन र त्यस्तो धरौटी रकममा कुनै ब्याज दिईने छैन ।
४. यो सूचना प्रकाशित भएको **मितिले १६ (सोह्रौं) दिन अर्थात २०८१ कात्तिक ०५ गते ३:०० बजे** देखि बोलपत्रदाता वा निजको प्रतिनिधिहरुको रोहवरमा बैंकको सम्बन्धित शाखा/कर्जा असुली विभाग बागबजार, काठमाण्डौमा बोलपत्र खोलिनेछ । बोलपत्रदाता वा निजको प्रतिनिधिको अनुपस्थितीले मात्र बोलपत्र खोल्न बाधा पुग्ने छैन ।
५. बोलपत्र बुझाउने अन्तिम मितिमा बैंक बिदा परेमा सोको लगत्तै पछि बैंक खुलेको दिन बोलपत्र बुझाउन सकिनेछ । बोलपत्र खोलिने दिन बिदा परेमा समेत बिदाको लगत्तै पछि बैंक खुलेको दिन बोलपत्र खोलिनेछ ।
६. म्याद नाघी वा रीत नपुगी आएको तथा शर्त राखी दिएको बोलपत्र उपर कुनै कारवाही गरिने छैन ।
७. बोलपत्र स्वीकृत भएमा सम्बन्धित बोलपत्रदाताले सोको सूचना पाएको मितिले १५ (पन्ध्र) दिन भित्र बोल कबोल गरेको धरौटी बाहेकको बाँकी रकम बैंकमा जम्मा गर्नुपर्नेछ । अन्यथा धरौटी बापत जम्मा भएको रकम जफत हुनेछ ।
८. लिलाम गरिएको सम्पत्ति दाखेल खारेज गर्दा सम्बन्धित अड्डामा लाग्ने दै दस्तुर लिलाम सकार गरी लिनेले नै व्यहोर्नु पर्नेछ ।
९. लिलाम हुने सम्पत्ति सम्बन्धी अन्य थप जानकारी आवश्यक भएमा कार्यालय समय भित्र बैंकको सम्बन्धित शाखा/कर्जा असुली विभाग बागबजार, काठमाण्डौमा सम्पर्क राखी प्राप्त गर्न सकिनेछ ।
१०. धितो सम्पत्ति लिलाम बिक्री गर्दा कसैले नसकारेमा वा लिलाममा कसैले भाग नलिएमा समेत बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन तथा प्रचलित कानुन बमोजिम बैंकले उक्त सम्पत्तिको स्वामित्व आफुमा सकार गरी लिन सक्नेछ ।
११. गोप्य शिलबन्दी बोलपत्र प्राप्त भएको वा नभएको कारणले बैंक आफैले सकार गर्न कुनै बाधा पर्ने छैन ।
१२. प्राप्त भएको गोप्य शिलबन्दी बोलपत्र अन्तर्गत सबै भन्दा बढि अंक बोल्नेलाई समेत बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार बैंकमै सुरक्षित राखिएको छ ।
१३. धितोबन्धक लेखिदिएको उक्त सम्पत्ति लिलाम बिक्री गर्दा वा बैंक आफैले सकार गर्दाको अवस्थामा समेत बैंकको सम्पूर्ण लेना असुल उपर नभएमा प्रचलित ऐन कानुन बमोजिम असुल उपर गरिनेछ ।

**बोलपत्र खोलिने मिति २०८१ कात्तिक ०५ गते सोमबार अपरान्ह ३:०० बजे**

कुमारी बैंक लिमिटेड
KUMARI BANK LIMITED
सबैका लागि, सधैंका लागि

**कर्जा असुली विभाग बागबजार, काठमाण्डौ फोन नं. ०१-५३४६९९१**

प्रभाव दैनिक
National Daily

## सम्पादकीय

# महामारीको जोखिमतर्फ ध्यान पुऱ्याऊ

हालै आएको बाढीपहिरोको विपद् सेलाएको छैन। चाडबाडको मुखैमा आएको अविरल वर्षापछि आएको बाढीपहिरोजन्य विपद्ले जनधनको ठूलो क्षति पुऱ्यायो। काठमाडौं उपत्यकासहित बागमती प्रदेशमा धेरै क्षति पुऱ्याएको बाढीपहिरोबाट मधेस र कोशी प्रदेशका केही जिल्लालाई पनि प्रभावित बनायो। मुख्य राजमार्गहरू क्षतिग्रस्त हुँदा राजधानीबाट चाडबाड मनाउन बाहिरिनेहरूले सास्ती बेहोर्नुपरिरहेको छ। यता बाढीले घर भत्किए/बगाएका पीडितहरू अस्थायी आवासमा कठिन संघर्ष गर्न बाध्य छन्। उनीहरू सरकारबाट पुनःस्थापनाको पर्खाइमा छन्। बस्न मिल्ने घर भएका बाढीपीडितहरू भने सफाइ गरेर पुनः सोही घरमा बसाइँ व्यवस्थापनमा जुटिरहेका छन्।

यहीबीच बाढीप्रभावितहरूमाझ महामारीजन्य रोगको संक्रमण फैलिने जोखिम बढेको छ। बाढीमा डुबेर धेरै पशु चौपाया मरेका छन्। त्यही कारण अहिले प्रभावित क्षेत्र दुर्गन्धित बनेको छ। जसले महामारीजन्य रोग फैलाउने चिन्ता थपेको छ। यद्यपि, अहिलेसम्म कुनै रोगको महामारी फैलिइसकेको छैन। यो सुखद् पक्ष हो। तर, महामारीको उच्च जोखिम रहेको चिकित्सकहरू बताउँछन्। विपद्ले पानीका स्रोतहरू प्रदूषित हुने हुँदा महामारीजन्य रोगको सम्भावना अधिक रहने र यस्तो अवस्थामा सबैले सतर्कता अपनाउन जरुरी रहेको उनीहरूको भनाइ छ।

शुक्रराज ट्रपिकल तथा सरुवारोग अस्पतालका प्रमुख कन्सल्टचान्ट फिजिसियन डा. विमल चालिसेका अनुसार विपद्पश्चात् महामारीजन्य रोगबाट संक्रमित बिरामीहरू भेटिएका छैनन्। यद्यपि, महामारीजन्य रोग बढ्न सक्नेतर्फ सचेत रहँदै उपचारका लागि तयारीमा रहेको उनको भनाइ छ। विपद्पछि पानीजन्य तथा कीटजन्य रोगहरू बढ्ने हुन्छ। खानेपानीको स्रोत दूषित हुँदा पखाला, हेपाटाइटिस र स्क्रब टाइफसको संक्रमण हुने सम्भावना रहन्छ। त्यसकारण यस्तो बेला उच्च सतर्कता आवश्यक हुन्छ।

साथै, लामखुट्टेको टोकाइ, सर्पदंशको घटना पनि बढ्ने सम्भावना रहेकाले आवश्यक सावधानी अपनाउने, व्यक्तिगत सरसफाइमा विशेष ध्यान दिने, खानेपानीको शुद्धता ख्याल गरेर प्रयोग गर्ने, तरकारीलगायत फलफूलहरू राम्ररी सफा गरेर मात्र प्रयोग गर्नेबारे सबैले ध्यान दिनुपर्नेमा डा. चालिसेको जोड छ।

बाढीपहिरोको विपद्बाट पिल्सिएका सर्वसाधारणलाई थप स्वास्थ्य समस्यामा पर्नबाट जोगाउन सरकारले आवश्यक कदम चाल्न जरुरी छ। विपद्बाट ज्यान जोगिएकाहरूको जीवारक्षा गरी अभिभावकीय दायित्व निर्वाह गर्नु आजको आवश्यकता हो। त्यसैले सरकारले बाढी प्रभावित क्षेत्रमा महामारीजन्य रोगको संक्रमण नियन्त्रणमा प्रभावकारी काम गनुपर्छ। अन्यथा, महामारीबाट जनताले फेरि अकालमा ज्यान गुमाउनुपर्ने अवस्था सिर्जना नहोला भन्न सकिन्न। यसलाई रोक्न तत्काल कदम चालियोस्। यो काम संघीय सरकारको मात्र नभई प्रदेश र स्थानीय सरकारकोसमेत जिम्मेवारी हो। प्रदेश र स्थानीय तह यो मामिलामा चुपचाप बस्न मिल्दैन।

## मनन्योग्य
### चाणक्य नीति

ईश्वर त अत्यन्तै दयालु छन्, उनैले त हजुरलाई मसम्म पठाए। चाणक्य अर्थात् विष्णुगुप्तका यस्ता कुरा सुनेर पण्डितजी केही हाँसे अनि भने- 'कुनै चिन्ता छैन, तिमी मसँग हिंड, म गाउँको एक पाठशालाको अध्यापक हुँ अनि म पनि एक्लै छु। ती पण्डितजी आफ्नो गाउँमा पुगे। दुई तीन दिनको सेवापछि विष्णुगुप्त स्वस्थ पनि भए। एक दिन विष्णुगुप्तले पण्डितजीसँग भने- 'हजुरले म अनाथलाई पितातुल्य स्नेह दिनुभयो, म हजुरको ऋणबाट कसरी मोक्ष पाउँला! मेरा पिताजी धेरै पढाउने इच्छा गर्नुहुन्थ्यो। के हजुर मलाई शिक्षा दिनुहुन्छ!' 'किन हुँदैन बाबु! शिक्षा दिनु नै हाम्रो धर्म हो। म जति योग्य छु, तिमीलाई पनि अवश्य योग्य बनाउछु', पण्डितजीले भने।

विष्णुगुप्त पण्डित राधामोहनको पाठशालामा विद्या पढ्न थाले। उनको लगनशीलता, बुद्धि, चातुर्य केही दिनपछि अगाडि आउन लाग्यो। कुनै विद्यार्थीलाई धेरै घोके (रटे) पनि हेक्कै नहुने कुनै कुरा ती विष्णगुप्त सुनेर मात्र कण्ठस्थ (मुखाग्र) गर्दथे प्रत्येकका मुखबाट विष्णुगुप्तको प्रशंसा सुनिन थाल्यो।

थोरै समयमा नै जिज्ञासु विष्णुगुप्तले गुरुका खुट्टा दबाउँदै तक्षशिला विश्वविद्यालयमा अध्ययन गर्ने आफ्नो इच्छा प्रकट गरे। यो कुरा सुन्दा पण्डित राधामोहन गद्गद् भए। उनले विष्णुगुप्तलाई अँगालो हालेर आँखाभरि आँसु पार्दै भने- 'बाबु! तिमीले मेरो मनको बोली बोल्यौ, मेरो आफ्नो ठूलो इच्छा थियो कि यो विद्यालयको कुनै विद्यार्थी तक्षशिला गएर ज्ञान आर्जन गरोस् र यो विद्यालयको नाउँ उच्च पारोस् र मलाई तिम्रो प्रतिभामाथि, तिम्रो विलक्षण बुद्धिप्रति पूरा विश्वास छ, तिमी एक दिन यो विद्यालयलाई पनि महाविद्यालयको स्तर प्रदान गर्न सक्नेछौ। तिमी तक्षशिला विश्वविद्यालयमा हजारौं विद्यार्थी बीचमा स्वाती नक्षत्रझैं चम्कनेछौ। मेरो आशीर्वाद सधैं नै तिम्रो साथ छ। क्रमशः

# दैवी प्रकोपले पुनःसिकाएको पाठ र आगामी बाटो



■प्रा.डा. विश्वम्भर प्याकुर्‍याल

अहिले भएको क्षतिले गर्दा उद्धार कार्यमा ढिलाइ तथा स्रोतको परिचालन राष्ट्रिय संकटको रूपमा देखापरेकाले संकटकालको घोषणा गर्नुपर्ने अवस्था छ। भूइँचालोमा घरबारविहीन भएका सेवाग्राही अहिलेसम्म विस्थापित छन्। अब यो नयाँ संकटमा परेका दुःखीहरूलाई सरकारले कहिले पार लगाउने हो भन्ने आशामा जनता रहेका छन्। यसपटक संकटकालीन सेवाको अति नै आवश्यकता भएको बेला स्थानीय सरकारले आफ्नो भूमिकालाई प्रभावकारी बनाउन नसकेको टिप्पणी भएको छ।

केही वर्षदेखि नेपालमा बाढीको प्रकोपले बहुक्षेत्रीय अकल्पनीय क्षति पुऱ्याउन थालेको छ। धेरै जिल्लाका सयौं गाउँ बाढीमा पुरिएका छन्। पानीको आपूर्तिमा व्यवधान आएको छ र जति आपूर्ति भएका छन् ती प्रदूषित छन्। अब विशेष गरेर डेंगु र हैजाका बिरामी संख्यात्मक हिसाबले बढ्ने निश्चितप्रायः छ।

जथाभावी खोला, नदी पुरेर सहरीकरण तीव्र पारिएकाले प्राकृतिक पानी जम्मा हुने क्षेत्र नाश भएको छ। यसले गर्दा वर्षाको पानीले सहरी क्षेत्र डुबानमा परेको छ। यातायात संरचना ध्वस्त भएर मुलुकभरि अधिकांश ठाउँमा आवतजावत ठप्प भएको छ। यसले उद्धार कार्यलाई पनि विलम्ब गराएको छ। अहिले भएको क्षतिले गर्दा उद्धार कार्यमा ढिलाइ तथा स्रोतको परिचालन राष्ट्रिय संकटको रूपमा देखापरेकाले संकटकालको घोषणा गर्नुपर्ने अवस्था छ। भूइँचालोमा घरबारविहीन भएका सेवाग्राही अहिलेसम्म विस्थापित छन्। अब यो नयाँ संकटमा परेका दुःखीहरूलाई सरकारले कहिले पार लगाउने हो भन्ने आशामा जनता रहेका छन्। यसपटक संकटकालीन सेवाको अति नै आवश्यकता भएको बेला स्थानीय सरकारले आफ्नो भूमिकालाई प्रभावकारी बनाउन नसकेको टिप्पणी भएको छ।

अहिले आएको बाढीले तीव्ररूपमा विद्युत् आपूर्तिमा क्षति पुऱ्याएको छ। झण्डै १६ वटा जलविद्युत् परियोजना नराम्ररी क्षत्‌विक्षत भएका छन्। यस्तो क्षतिले विद्युत् उत्पादन घटाएर सरकारको आम्दानीमा मात्र असर पार्ने हैन, उत्पादनकर्ताको ऋण तिर्नसक्ने क्षमतामा ह्रास ल्याउनुका साथै ऋण लिन गरिने सामर्थ्यसमेत कमजोर तुल्याउँछ।

भौतिक पूर्वाधारमा भएको अकल्पनीय क्षतिले स्थानीय अर्थतन्त्रलाई कमजोर बनाएर पुनर्निर्माणको लागत बढाउँछ। जलविद्युत् क्षेत्रमा गरिएको तत्कालिक क्षति आँकलनअनुसार २.४५ अर्ब रूपैयाँ पुगेको छ। यसमा ऊर्जा र सिँचाइमा थप ४.३५ अर्ब रूपैयाँको लागत अनुमान छ। वास्तविक क्षतिको अनुमान सकिँदासम्म बढ्दो मागको कारण यो वर्ष हिउँदमा आयात गर्नुपर्ने सम्भावना बलियो छ। बंगलादेशसँग गरेको सम्झौता कार्यान्वयनमा नआउँदै भोग्नुपरेको समस्याले हामीलाई अप्ठेरोमा पारेको छ।

हालको क्षतिले धान बाली, पर्यटन र जलविद्युत् परियोजनामा ठूलो क्षति पुऱ्याएकाले विश्व बैंक र एसियाली विकास बैंकको पाँच प्रतिशतको हाराहारीको आर्थिक वृद्धिको आँकलन सत्य सावित हुन निकै कठिन देखिएको छ। आगामी वर्षको आर्थिक बजेट निर्माण गर्दा तथा अन्तरिक राजस्वबाट गरिने खर्चको बाँडफाँटसमेतमा निकै सावधानी अपनाउनुपर्ने हुन्छ।

लामो समयसम्मको व्यापार घाटाले हामीलाई निकै कमजोर तुल्याएको छ। दीर्घकालीन घाटाले कुल गार्हस्थ उत्पादनको वृद्धिमा व्यवधान पुऱ्याउँछ किनभने यसले आन्तरिक उत्पादन घटाउँछ र स्थानीय उद्योगमा बेरोजगारी बढाउँछ। यस्तो अवस्थामा आपूर्तिको तुलनामा आन्तरिक माग बढ्ने हुनाले आयात बढेर मुद्रास्फीतिमा वृद्धि हुन्छ। आयातीत वस्तुले उपभोग बढाए पनि यसको दीर्घकालीन असर भनेको आर्थिक अस्थिरता र न्यून वृद्धि हो। यसले गर्दा जनजीवन अस्तव्यस्त बनाएको छ।

उपचारका लागि हामीले निर्यातको प्रतिस्पर्धात्मकता बढाएर नीतिगत सुधारद्वारा आयातको निर्भरता घटाउनुपर्छ। हामी औंलामा गन्न सकिने वस्तुहरूको निर्यातमा सीमित छौं। त्यसैले स्थानीयस्तरबाटै उत्पादन हुनसक्ने र आफ्नो प्रतिस्पर्धात्मक क्षमता भएका वस्तुहरूलाई प्रोत्साहित गर्ने नीति लिनु आवश्यक छ। यसो गर्न सीमित वस्तु तथा व्यापार साझेदारहरूसँगको निर्भरता घटाउँदै निर्यात गरिने वस्तु तथा बजारको विविधीकरणमा जोड दिनु आवश्यक छ। यस्ता वस्तुहरूमा सूचना प्रविधि तथा वित्तीय सेवा, हस्तकला र बागवानीजस्ता कृषि उत्पादनहरू पर्न सक्दछन्।

नेपालजस्तो भूपरिवेष्ठित मुलुकमा लागत र निर्यात गर्न लाग्ने समय न्यूनीकरण गर्न आवश्यक सामग्री र यातायात पूर्वाधार विकासमा लगानी बढाउन आबश्यक छ। ठूलो बजार भएका नेपालका दुई ठूला छिमेकी राष्ट्रहरूमा निर्यातको पहुँच बढाउन द्विपक्षीय व्यापार सम्झौताको नियमित अनुगमन र सुदृढीकरण गर्ने तथा आन्तरिक उत्पादन र आयात विस्थापनको नीति प्रवर्द्धन गर्नु पनि त्यतिकै जरूरी छ।

सन् २०२२ मा नेपालमा करिब २५ हजार ७७० मेट्रिक टन खाद्यान्न विशेष गरेर चामल र गहुँको अभाव कम गर्न अन्य मुलुकका साथै भारतबाट ४२ लाख ६० हजार मेट्रिक टन खाद्यान्न अधिकतम् आयात गरियो। हाल आर्थिक संकट र वातावरणीय प्रभावको कारण ४२ लाख ६० हजार नेपाली खाद्य असुरक्षित अवस्थामा छन्। सरकारको लक्ष्य सन् २०२४ सम्ममा ३० प्रतिशतले खाद्यान्नको आयात घटाउने रहेको छ। तर पनि खाद्यान्नमा आत्मनिर्भरता त्यति सजिलो देखिँदैन। यसको समाधानको उपयुक्त उपाय भनेको खेती गर्ने अभ्यासहरूमा आधुनिकीकरण, सिँचाइ प्रणालीमा सुधार र किसानहरूलाई आवश्यकता परेको बेला चाहिँदो सहयोग उपलब्ध गराउनु हो।

गरिब मुलुकमा विप्रेषणबाट भएको आम्दानी बैंक तथा निजी क्षेत्रका ऋणदातालाई ऋण चुक्ता गर्न तथा भविष्यका लागि एक टुक्रा जमिन खरिद गर्न खर्चिएको देखिन्छ। यस्तो अवस्थामा कसरी उत्पादनशील क्षेत्रमा खर्च गर्न सक्छन् भन्ने प्रश्न उठेको देखिन्छ। आजकल धेरै मुलुकमा जग्गामाभन्दा साना उद्योग र कृषि उद्यमलगायतका क्षेत्रमा लगानीका सम्भावना रहेका कुरा जानकारीमा ल्याउन वित्तीय साक्षरतामा जोड दिने गरेका छन्।

लघुवित्त संस्थाबाट सहुलियतपूर्ण ऋण प्रदान गर्न प्रोत्साहनसमेत गर्नुपर्छ। त्यस्तै स्थानीय व्यवसायहरूलाई विशेष सुविधा प्रदान गर्ने वित्तीय संस्थामा बैंक खाता खोल्न सुझाव दिन सकिन्छ। यस्ता वित्तीय संस्थाको अभावमा नेपाल राष्ट्र बैंकको पहलमा विशेष सुविधा दिएर भए पनि यिनीहरूको स्थापनार्थ पहल गरिदिनुपर्छ। यसका साथै रोजगारी सिर्जना गर्ने तथा आर्थिक स्थायित्वका लागि सहयोग पुऱ्याउनसक्ने क्षेत्रमा लगानी गर्दा विशेष सुविधा दिइने नीति निर्माण गर्न सम्बन्धित निकायलाई दबाब दिनुपर्छ। निर्माण, पर्यटन र जलविद्युत् क्षेत्रमा बढीभन्दा बढी विदेशी लगानी आकर्षित गर्न नियामक प्रक्रियामा सुधार ल्याएर लगानीको वातावरण तयार गर्ने, अन्तरपार्टी समझदारीअनुरूप आर्थिक समृद्धिको साझा धारणा बनाई असफलतासँग नआत्तिएर राजनीतिक अस्थिरता हटाउने प्रयास निरन्तर जारी गर्नु आवश्यक छ।

उद्योगपतिहरूले उच्च प्राथमिकतामा परेका उत्पादनशील क्षेत्रमा लगानी गर्न चाहेमा थप आकर्षणका लागि समयानुकूल औद्योगिक नीति पुनः तर्जुमा गर्नुपर्ने देखिन्छ। यस्तो नीतिमा कर छुट, कच्चा पदार्थ आयात गर्दा अनुदान र अनुसन्धान र विकाससम्बन्धी कार्यक्रमका लागि रकम, प्रविधि विकास र अनुसन्धानकर्ता जुटाउन आवश्यक सहयोग गर्ने प्रावधान राख्न सकिन्छ। सुरूमा सरकारको लागत वृद्धि भएता पनि दिगो विकासमा दूरगामी प्रभाव पर्न सक्छ। यस्तो सहयोग सधैंका लागि कायम राख्नुपर्ने भन्ने होइन।

लगानीलाई निरन्तरता तथा उत्पादन अभिवृद्धि गर्न र उद्यमीको आकर्षण बढाउन सरकारसँग सम्बन्धित निकायहरू उदासीन हुनु हुँदैन। लगानी गर्नका लागि लगानीकर्ताले भौतिक संरचना तथा आवश्यक सेवाहरू उपलब्ध गराइने अपेक्षा गरेका हुन्छन्। यसका लागि सरकार-निजी क्षेत्रको सहकार्य अनिवार्य छ। हामीकहाँ लगानी बोर्डले साना लगानीकर्तालाई आवश्यकताअनुरूप समयमै निर्देशन तथा सल्लाह प्रदान गर्न सकेको महसुस गरिएको छैन। अहिलेको अवस्थामा औद्योगिक प्रतिष्ठानहरू न्यून क्षमतामा सञ्चालनमा आइरहेको देखिन्छ। आधुनिकीकरण, प्रविधिको स्तरोन्नति र कामदारहरूको प्रशिक्षण नियमित गर्न सके वैदेशिक लगानीमा आकर्षण थपिन सक्छ।

गरिबी र वृद्धि हुँदै गएको आर्थिक असमानताले सामाजिक कल्याण कार्यक्रमको महत्त्व बढाएको छ। गरिबलाई केन्द्रबिन्दुमा राखेर लक्षित, समाज कल्याणकारी कार्यक्रम सञ्चालन गर्न जरूरी छ। अनुदानका लागि प्रावधान गरिएका अति आवश्यक वस्तुहरू, स्वास्थ्य सेवा र खाँचो परेका समुदायको पहुँचमा रहेको किफायती शिक्षाको उपलब्धता र निरन्तरतालाई सुनिश्चित गर्नुपर्दछ। बजेटमा राखिएका अनुदान उपलब्ध हुन नसके सेवाग्राहीले कानुनी उपचार पाउन सक्नुपर्छ।

आर्थिक असमानताको प्रभाव न्यूनीकरण गरेर कार्यक्षेत्रमा प्रतिस्पर्धात्मक हुन कार्यबलको क्षमता अभिवृद्धिका लागि शिक्षा तथा प्राविधिक प्रशिक्षणमा थप लगानी आवश्यक छ। आर्थिक असमानता घटाएर आम्दानी र सम्पत्तिको पुनःवितरण गर्न प्रगतिशील कर कार्यान्वयनमा ल्याउन सकिन्छ। यो नीतिअन्तर्गत धनीलाई बढी कर र गरिबलाई कूल कर लागत घटाउन कर घटाउने अथवा कुनै निश्चित किसिमको आमदानीमा कर छुट दिनुपर्दछ। कतिपय अवस्थामा आर्थिक अवस्था कमजोर भएका करदाताले थोरै करको कारण ऊर्जा कुशल प्रविधिको प्रयोग नेपालमा उच्च प्राथमिकतामा परेका कृषि पैदावारमा न्यूनतम् मूल्य निर्धारण गर्ने तथा बजारको पहुँचमा सरकारले खासै सहजता पुऱ्याउन सकेको छैन।

अन्त्यमा, सरकारले अविलम्ब सेवाहरू प्रदान गर्नु आवश्यक छ। उदाहरणका लागि, विस्थापित जनसमुदायको सुरक्षाका लागि पाल तथा अस्थायी आवास, आकस्मिक खाद्यान्न र शुद्ध पिउने पानी, आवश्यकीय औषधिको बाकस र स्वास्थ सेवा, उद्धार कार्यको निरन्तरता, असर परेका स्थानहरूमा पहुँच पुऱ्याउन बन्द बाटो खुलाउने, सञ्चार सुविधा पुनःस्थापना गर्ने, बसेकै ठाउँमा नगद सहयोग पुऱ्याउन ढिला नगर्ने, स्थानीय समुदायलाई सुरक्षित पानी पिउने र स्वच्छताबारे प्रशिक्षित गर्नुपर्ने हुन्छ। *रासस*

*(लेखक वरिष्ठ अर्थविद् तथा पूर्वराजदूत हुन्)*

## पत्र-मञ्जुषा

# चाडबाडमा पनि सर्वसाधारणलाई सास्ती !

नेपाली समाजमा एउटा चर्चित उखान छ- काम गर्ने कालु, मकै खाने भालु। यो उखान सर्वसाधारणको जीवनसँग मेल खान्छ। हामी कर तिर्छौं, तर सेवासुविधाचाहिँ कर्मचारी र जनप्रतिनिधिहरूले मात्र पाउँछन्। हिन्दूहरूको महान् चाड बडा दसैंको आगमनसँगै अहिले गाउँघर फर्किनेहरूको संख्या बढ्दो छ। दिनहुँ हजारौंको संख्यामा सर्वसाधारण आफ्नो गाउँघर गइरहेका छन्। तर, उनीहरूले गाउँ फर्किंदासमेत सुख पाएका छन्।

जनता नठगिएको कुनै ठाउँ छैन। बाढीपहिरोका कारण देशभरका अधिकांश ठाउँमा सडकको अवस्था दयनीय भएको छ। तैपनि यातायात व्यवसायीहरू गाडीमा यात्रु झुण्ड्याएर यात्रा गराइरहेका छन्। यतिमात्र नभई यात्रुहरू बढी भाडा तिर्न बाध्य भएका छन्। यता, सडक अवस्थाको फाइदा उठाएर दसैंको मौकामा हवाई कम्पनीहरूको ठगीधन्दा पनि बढेको छ।

एयरलाइन्सहरूले यात्रुसँग तोकिएकोभन्दा दोब्बर भाडा लिएको गुनासो बढ्दो छ। सरकारले दसैंलाई लक्षित गरेर केही दिनअघिबाट देशभर रोड परमिट खुला गरिसकेको छ। रोड परमिट खुला भएसँगै अहिले काठमाडौं उपत्यकामा गाडी पाउन मुस्किल हुन थालेको छ। गाडी अभावका कारण दसैंको किनमेलका लागि बजार जानसमेत उपत्यकाबासीलाई सास्ती भइरहेको छ।

हामी कर तिर्ने सर्वसाधारण अहिले विभिन्न समस्या भोग्न बाध्य भइरहेका छन्। दसैंजस्तो महान् पर्व घर आँगनमै आइसक्दा पनि सरकारीपक्षले सर्वसाधारणको हितका लागि केही गरेको देखिँदैन। उल्टै सरकारी कर्मचारी र जनप्रतिनिधिहरू मोजमस्ती गर्न व्यस्त छन्। कर्मचारीहरूको दसैं बिदा सुरू भइसकेको छ। यो अवधिमा उनीहरू एउटा पनि काम गर्दैनन्।

काम नगरेपछि सरकारी गाडी प्रयोग गर्ने पनि कुनै हकअधिकार हुँदैन। यद्यपि, अहिले कर्मचारीहरू सरकारी गाडीमै आफ्नो गाउँघर गएको पाइन्छ। जनताले तिरेको करबाट नपुगेर सरकारले विदेशीसँगसमेत ऋण लिएर कर्मचारीलाई तलबभत्ता, दसैं पेसकी दिँदै आएको छ। उनीहरूका लागि लाखदेखि करोडौंको गाडी किनिदिएको छ। उपचारका लागि छुट्टै अस्पतालको व्यवस्था मिलाइएको छ, त्यो पनि निःशुल्क।

कर्मचारीले लगाउने पोसाक पनि सर्वसाधारणले तिरेको करबाट किनिएको हो। यतिसम्म कि उनीहरू चढ्ने गाडीको इन्धन पनि हामीले नै तिरेको करबाट हालिन्छ। फेरि कर्मचारीहरू हामी आमसर्वसाधारणकै काम गर्दैनन्। हामीसँगै घूस माग्छन्, स-सानो कामका निम्ति। पाँच मिनेटमा हुने काम पाँच वर्ष लगाइदिन्छन्। घूस पायो भने फेरि दुई मिनेट पनि लगाउँदैनन्।

निजी संघसंस्था, कम्पनी, होटल, रेस्टुरेण्ट, फर्म, पसल वा घरायसी काम गर्नेहरूले तलब नै पाएका छैनन्। मासिक पाँच हजारदेखि १० हजार रूपैयाँ तलबमा काम गरे पनि उनीहरू दसैंको मुखमा तलबविहीन भएका छन्। अब के गर्ने? भनेर उनीहरू अन्योलमा छन्। किनकि गाउँघर फर्किनसमेत उनीहरूसँग पैसा छैन।

सर्वसाधारणले दुःखसुखमा काम लाग्छ भनेर खाइनखाई सहकारी, लघुवित्त र फाइनान्समा बचत गरेका थिए। तर, कयौं संस्थाहरू करोडौं बचतकर्ताको खर्बौं रकम खाएर भागेका छन्। केही दिनअघि अविरल वर्षाका कारण आएको बाढीपहिरो र डुबानबाट झण्डै साढे २०० को ज्यान गएको छ। सयौं बेपत्ता र घाइते भएका छन् भने हजारौं विस्थापित छन्। बाढीपहिरोका कारण खर्बौंको भौतिक क्षति भएको छ। मुलुक यस्तो अवस्थाबाट गुज्रिँदा सरकारी कर्मचारीलाई केहीको पनि चिन्ता छैन। अहिले पनि कर्मचारीहरू सरकारी गाडी लिएर सपरिवारसहित घुमफिर गर्न निस्किरहेका देखिन्छन्।

हाल सरकारी सेवामा कार्यरत बहालवाला वा सेवा निवृत्त सम्पूर्ण कर्मचारीको सम्पत्ति छानबिन गरेर उनीहरू सबै घुसिया छन् भनेर प्रमाणित हुने छ। किनकि हरेक कर्मचारीले जग्गा किनेर घर बनाएका छन्। महँगा गाडी किनेका छन्। छोराछोरी महँगा स्कुलमा पढाएका छन्। अनि एउटा कर्मचारीको साधारण तलबले घर बनाउनु कि छोराछोरी पढाउनु कि घर खर्च धान्नु कि जग्गा किन्नु?

हुन त यहाँ कर्मचारी, जनप्रतिनिधि र नेता घूस खाने अनि व्यापारी राजस्व छल्ने हो। राजनीतिक दलका नेताहरू भ्रष्टाचार गर्नुहुन्न भन्छन्। तर, उनीहरूकै खर्बौंको सम्पत्ति छ। रोपनी रोपनी जग्गामा दरबारजस्तो घर बनाइएको छ। हातमा लाखौंको घडी लगाउँछन्। कपडा दिनहुँ फेर्छन्। अनि यत्रो पैसा कसरी आउँछ? भ्रष्टाचार नगरी यत्रो सम्पत्ति जोड्न सकिन्छ? यस्तो जीवनशैली जिउन सकिन्छ?

रास्वपा सभापति रवि लामिछाने पहिला सञ्चारकर्मी हुँदा भन्थे, 'भ्रष्टाचारीलाई टुँडिखेलमा लगेर नाकको डाँडी भाँच्नुपर्छ।' अहिले उनी आफैंले हजारौं बचतकर्ताको ६५ करोड बढी रकम दुरूपयोग गरेको पुष्टि भइसकेको छ। उनले नेताको नाकको डाँडी भाँच्नुको साटो जनताले आफ्नो ढाँड भाँचेर कमाएको पैसाचाहिँ पचाइदिएका छन्। दसैं हिन्दू नेपालीहरूको महत्त्वपूर्ण चाड रहेकाले सरकारले आफ्नो गाउँघर फर्किने जनतालाई ठगिनबाट जोगाउनुपर्छ। यसतर्फ सरकारी निकायको ज्यान जाओस्। दसैंमा कोही पनि ठगिएको नसुनियोस्।

**– रुषा थापा, भक्तपुर**

### जानकारी

अब यस दैनिकले हरेक दिन पत्र-मञ्जुषा स्तम्भ सुरु गरेकाले पाठक वर्गहरूले आफूले चाहेको विषय वस्तु, सरकारी निकायको काम कारबाही वा पत्रिकामा सम्प्रेषण भएको समाचारका बारेमा पत्र लेख्नु भएमा त्यसलाई जस्ताको त्यस्तै प्रकाशन हुने जानकारी गराइन्छ। सं.

prabhabdailynews@gmail.com
facebook.com/prabhab online

राहतको पर्खाइमा काभ्रेका बाढीपीडित

# प्राथमिकताका आधारमा राहत वितरण गर्न जोड

**■ पेमा लामा**

**काभ्रेपलाञ्चोक–** बेथानचोक गाउँपालिका-४ सलान्दुबगरका मदन लामाको यही असोज ११ गते राति सलान्दुखोलासँगै मिसिएर आएको बाढीले घर, टेलर्ससहित कस्मेटिक पसल र फर्निचर उद्योगलगायत सबै सामान बगाएको छ। बाढीले सबै सामान बगाएपछि लामाले असोज १३ गतेदेखि बस्नका लागि कोठा खोजेका हुन्।

गहभरि आँसु, ओठमा रोदन, थरथर काँपेको शरीर। 'न बस्ने ठेगान छ, न खानेकुरा र पैसा नै। ज्यान बाँचे पनि बस्ने र खाने व्यवस्था नहुँदा सास्ती भएको छ। एकपट्टि चुँडिएको चप्पलमा पनौती र खोपासीको बजार कोठा खोजे पनि पाइएन,' मदनले सुनाए। घरबार, पसल, उद्योग र नगद सबै बाढीले बगाएपछि आफन्तले दिएको एकजोर कपडा र चप्पलमा बसिरहेको मदनले बताए। उद्धारपछि बाढीपहिरोपीडितको व्यवस्थापन र अवस्थाका विषयमा 'रिपोर्टिङ' गर्न शुक्रबार सलान्दुबगरमा पुग्दा बगाएको घरको अवशेष देखाउँदै उनले भने, 'ज्यानबाहेक मसँग केही छैन, सबै बगाएपछि पनौतीमा कोठा खोजेर आमा र छोराछोरीलाई राखेको छु। खानेकुरा र लाउने लुगासमेत छैन।'

बाढी आएको रातिदेखि दुई दिनसम्म भिजेको लुगा लगाएर बसेको भन्दै मदनले आफन्तले दिएको कपडाले धेरै राहत महसुस भएको बताए। लगाएर आङ छोपेर राहत लिन उभिएको बताए। 'स्थानीय सरकार र राज्यले बढी समस्यामा भएकालाई प्राथमिकतामा राखेर राहत तथा पुन:स्थापनमा गर्नुपर्छ। वृद्धा आमा र बालबच्चासहित कोठामा बसे पनि खानाको व्यवस्था नहुँदा समस्या भएको छ,' उनले भने।

दसैंका लागि टेलर्समा सिलाइका कपडा, कस्मेटिक पसलमा सामान हालिसकेको बताउँदै मदनले फर्निचर उद्योगमा मागअनुसार सामान बनाएर गोदाम राखेकामा सबै बगाएको जानकारी दिए। घर, बारी जग्गाजमिन पसल र फर्निचर उद्योग गरी करिब दुई करोडभन्दा माथिको क्षति भएको उनले बताए।

सोही ठाउँकी कान्छी बोम्जनले घरको दायाँबायाँ पहिरोले लगेपछि रातभरि नजिकैको जंगलमा रूखमुनि बसेको सुनाइन्। केही दिनदेखि पनौतीमा कोठा लिएर बस्दै आएकी उनी राहतको पर्खाइमा छिन्। सरकारले पीडितको अवस्था, प्रथमिकता र आवश्यकताका आधारमा राहत उपलब्ध गराउनुपर्नेमा उनले जोड दिइन्।

सोही ठाउँका विनोद सिङ्तानले घरबार सबै बगाएपछि आफूहरू बिचल्लीमा परेको बताए। भएको घरबार, कुखुरापालन व्यवसाय, खाद्यान्न, लत्ताकपडा र नागरिकता, लालपुर्जालगायत सबै कागजात बगाएको उनले बताए। पुरेको घरभित्र हिलोमाटो लतपतिएको लत्ताकपडा निकाल्दै खोल्साको पानीमा पखाल्दै गरेकी सरस्वती लामाले बस्ने घर, खाने अन्नपात नभएको भन्दै पीडितलाई पुन:स्थापनाका लागि स्थानीय सरकारले तत्काल पहल थाल्नुपर्ने बताइन्।

बाढीले पुरिएको घरभित्रका सामान निकाल्दै बचेको सामान सार्नमा व्यस्त खहरे खोलाका सुरेन्द्र वाइबाले विपद्मा परेका नागरिकलाई चाँडो राहत उपलब्ध गराउन सरकारलाई आग्रह गरे। सरकारले यस्तो बेलामा प्राथमिकता र आवश्यकता हेरेर सहयोग गर्नुपर्ने उनको भनाइ छ। सलान्दुबगरका लिलाबहादुर लामाको परिवार अहिले खोपासीमा कोठा लिएर बस्दै आएको छ। रातिको समयमा गएको बाढीपहिरोले घरको सबै सामान, डम्फु, खैंचडी र ढ्यांग्रो बनाउने उद्योगसमेत पुरेको उनले बताए। 'अहिले पनि घरमा बस्नसक्ने अवस्था छैन,' उनले भने, 'अब वर्षा भएन भने घरमा बस्न मर्मत गर्नुपर्छ, त्यसका लागि आठ-दश लाख लाग्छ।'

बस्ने ठाउँमा असुरक्षित भएको र भएको ठाउँ पनि बाढीले बगाएर विस्थापित हुनुपर्ने अवस्था आएको लिलाबहादुरले बताए। आपत्को बेलामा उद्धार गर्न स्थानीय सरकारलाई आग्रह गर्दै उनले जनतालाई 'सरकार छ' भन्ने महसुस गराउने समय आएको उल्लेख गरे।

सोही ठाउँका कृष्णकुमार लामाले भएभरको सबै बगाएको बताउँदै सरकारले पीडितलाई तत्काल अस्थायी बासको व्यवस्था गरिदिनुपर्नेमा जोड दिए। 'बस्ने घर, जग्गाजमिन सबै बाढीले बगायो। ज्यालामजदुरीको काम पाए पनि खानाको व्यवस्था हुने थियो,' उनले भने।

बेथानचोक-४ पाटीखर्ककी विद्या खड्काको पक्की तीनवटा घर बाढीले बगाएर बिचल्ली भएपछि अहिले खोपासीमा कोठा लिएर बस्दै आएकी छन्। सलान्दुबगरमा मात्रै करिब २० घर पूर्णरूपमा क्षति भएका छन्। खहरेखोला, सलान्दुबगर, पाटीखर्क र चलालगणेशस्थानका नागरिकले अहिलेसम्म राहत नपाएको गुनासो गर्दै सरकारले प्राथमिकता हेरेर राहत उपलब्ध गर्नुपर्ने बताएका छन्। *रासस*

# जोखिमपूर्वक यात्रु बोक्ने सवारीलाई तत्काल कारबाही

**धादिङ (प्रस)–** जोखिमपूर्ण तरिकाले यात्रु बोक्ने सवारीसाधनलाई तत्काल कारबाही गर्न थालिएको छ। जिल्लाको ग्रामीण क्षेत्रमा यात्रु ओसार्ने बोलेरो जिप बढी कारबाही पर्ने गरेका छन्।

शुक्रबार बिहान जिल्लाको ज्वालामुखी, त्रिपुरासुन्दरी, नेत्रावतीलगायत गाउँपालिकाका विभिन्न बस्तीबाट छतमा यात्रु राखेर ओसार पसार गर्ने पाँचवटा बोलेरो जिप जरिवानासहित कारबाहीमा परेका जिल्ला ट्राफिक प्रहरी कार्यालय गजुरीले जनाएको छ।

छतमा राखेर यात्रु ओसारपसार गर्ने, यात्रु बोक्ने अनुमति नभएका सवारीसाधनले क्षमताभन्दा बढी यात्रु राखेर जोखिमपूर्ण ढंगले सवारी चलाउने गरेको पाइएकाले पछिल्लो दुई दिनमा ३२ वटा सवारी कारबाहीमा परेका जिल्ला ट्राफिक प्रहरी कार्यालय गजुरीका प्रहरी निरीक्षक सुरज श्रेष्ठले जानकारी दिए।

उनका अनुसार प्रयोजनविपरीत सञ्चालित तीनवटा, छतमा राखेर यात्रु बोक्ने १४, सवारीसाधनको अवस्था ठीक नभएको पाँचसहित ३२ वटा सवारीसाधन कारबाहीमा परेका हुन्। सडक सञ्जाल सहज नभएका ग्रामीण बस्तीहरूबाट बोलेरो जिपले सर्वसाधारणलाई सदरमुकाम धादिङबेंसी ल्याउने-लाने गर्छन्। सडक सञ्जाल पुगे पनि जिल्लाको अधिकांश भागमा यात्रुवाहक बस सञ्चालन हुने सडक नभएपछि सर्वसाधारण जोखिमपूर्ण यात्रा गर्न बाध्य छन्। अनुमति नभएका बोलेरो जिपहरूले मनोमानी ढंगबाट भाडा असुलेको गुनासो आएपछि ट्राफिक प्रहरीले सवारीसाधनको चेकजाँचलाई कडाइ गरेको प्रहरी निरीक्षक श्रेष्ठले बताए।

बर्षात्को समयमा भत्किएको बाटो मर्मत हुन नसक्दा ग्रामीण भेगमा ठूला यात्रुवाहक बस पुग्नसक्ने अवस्था छैन। बोलेरो जिपहरू चल्ने सडकमा ठाउँठाउँमा सादा पोसाकका प्रहरी खटाइएको जिल्ला प्रहरी कार्यालय धादिङले जनाएको छ। विभिन्न बहानामा यात्रु ठगिनबाट जोगाउन सदरमुकाम धादिङबेंसीको पुछारबजारमा यात्रु सहायताकक्षसमेत स्थापना गरिएको छ।

प्रहरी प्रमुख आफैं निरीक्षणमा

विभिन्न बहाना बनाएर यात्रुसँग बढी भाडा उठाउने सवारीलाई लक्षित गरी प्रमुख जिल्ला अधिकारी सुमन घिमिरे र प्रहरी उपरीक्षक दीपेन्द्र शाहीसहित सुरक्षा निकायको टोली निरीक्षणमा खटिएको छ।

अप्ठ्यारो सडक, जामको पीडालगायत विभिन्न बहानामा राजमार्ग क्षेत्रमा यात्रुसँग बढी भाडा असुल्ने गरेको गुनासो आएपछि त्यस्ता सवारीको आफैंले छड्के चेकजाँच गरी कारबाही गरिरहेको प्रहरी उपरीक्षक शाहीले बताए। प्रमुख जिल्ला अधिकारीसहितको टोलीले शुक्रबार साँझ पृथ्वी राजमार्गमा छड्के चेकजाँच गरेको छ। केही दिनदेखि यो टोलीले राजमार्ग क्षेत्रमा रात्रिकालीन छड्के चेकजाँच गरिरहेको छ। यात्रुवाहक सवारीले खाजा खाना खुहाउने होटल र खाद्यान्न पसलहरूकोसमेत चेकजाँच गरिरहेको प्रहरी उपरीक्षक शाहीले जानकारी दिए।


## कतारमा रोजगार

कम्पनी : RWAD AL EMARA AL HANDASEAH

पूर्व स्वीकृति मिति : २०८१/०६/१८ | LT. No. 311831 | चलानी नं. ६०२२६२६४

| सि. नं. | कामदारको पद | माग संख्या |  | मासिक तलब |  | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
|  |  | पुरुष | महिला | QR | ने.रू. |  |  |  |  |  |  |  |
| 1 | Labour | 10 | 0 | 1000 | ३६,८२२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ |  | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ असोज २७ गते (13th Oct. 2024) मा हुनेछ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला। ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला। ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला।

Govt. License No. 1405/074/75

CHANDRA KAMANA MANPOWER PVT.LTD. (A.D. CAREERS PVT.LTD.)
Ratopul, Gauhala, Kathmandu, Nepal, Contact: +977-01-4542876, 4538339, 9813768590
E-mail : chandrakamna05@gmail.com, Web: www.chandrakamanamanpower.com


**नेपाली सेना**
**श्री समारोह सञ्चालन निर्देशनालय, काठमाण्डौ**

## सिलबन्दि दरभाउपत्र आह्वानको सूचना

(प्रथम पटक प्रकाशित मिति: २०८१/०६/२० गते)

१. यस निर्देशनालयको आ.व.०८१/८२ को लागि आवश्यक स्टेशनरी, सफाईको सामान, प्रिन्टर तथा फोटोकपी मेशिनहरुको टोनर कार्टिज तथा विविध सामानहरु खरिद गर्नको लागि सिलबन्दि दरभाउपत्र आव्हान गरिएको हुंदा ईच्छुक योग्यता पुगेका दरभाउपत्रदाताहरुको लागि यो सूचना प्रकाशित गरिएको छ।

| सि.नं. | सूचना नं. | सामानको बिबरण | दरभाउपत्र जमानत कम रु. | दरभाउपत्र मान्य अवधि | दरभाउपत्र दस्तुर रु. | दरभाउपत्र पेश गर्ने अन्तिम मिति | दरभाउपत्र खोलुवा मिति र स्थान |
|---|---|---|---|---|---|---|---|
| १. | NA/SSN/ 081/82/01 | स्टेशनरी, सफाई, तथा अन्य सामग्रीहरु | ४१,०००।०० | ४५ दिन | १,०००।०० | २०८१/०७/०५ गते को १२०० बजे | २०८१/०७/०५ गतेको १३०० बजे, जंगी अड्डा |

२. दरभाउपत्र जमानत बापतको बैंक जमानतको अवधि दरभाउपत्रको मान्य अवधि भन्दा ३० दिन बढी अर्थात ७५ दिनको हुनुपर्नेछ। दरभाउपत्र जमानत रकम नगदै राख्नेको हकमा श्री कोष तथा लेखा नियन्त्रक कार्यालय, सुन्धाराको नेपाल बैंक लिमिटेड, भुगोलपार्कमा रहेको खाता नं. ००२०१०००००२००३००००१ मा कार्यालय कोड नं. ३४५०१३५४५ उल्लेख गरि जम्मा गर्नुपर्नेछ। साथै, दरभाउपत्र दस्तुर बापतको रकम नेपाल बैंक लिमिटेडमा रहेको खाता नं.००१०१००००००००१००१००१ मा कार्यालय कोड नं.३४५०१३५४५ उल्लेख गरी राजश्व शीर्षक नं.१४२२९ मा जम्मा गरी सोको भौचर पेश गर्नुपर्नेछ।

३. ईच्छुक दरभाउपत्रदाताहरुले थप जानकारीको लागि कार्यालय समय भित्र यस निर्देशनालयको सम्पर्क नं.०१-५९७९१५९ वा ईमेल:**bebri@nepalarmy.mil.np** मा सम्पर्क गर्न सक्नुहुनेछ।

**Government of Nepal**
**Ministry of Energy, Water Resources and Irrigation**
**Department of Water Resources and Irrigation**

## Mahakali Irrigation Management Office

**Mahendranagar, Kanchanpur**

## Invitation for Bids

*Date of publication: 2081-06-20*

Mahakali Irrigation Management Office, Kanchanpur invites electronic bids from the Nepalese eligible bidders for the following works under NCB Bidding procedure. Bidder may obtain further detailed information from the PPMO web portal www.bolpatra.gov.np/egp.

| S. N. | IFB No. | Description and Location of Work | Bid Document Fee, NRs. | Bid security amount, NRs | Last date of Bid Submission |
|---|---|---|---|---|---|
| 1. | MIMO/TMBJSP/ Kanchanpur/ NCB-01/081/082 | Tubewell drilling work, Pump test, Pump installation, Electrification, and Distribution System Development work in different locations of Kanchanpur District | 5000.00 | 600000.00 | 2081/07/26 12:00 PM |
| 2. | MIMO/TMBJSP/ Kailali-1/NCB-02/081/082 | Tubewell drilling work, Pump test, Pump installation, Electrification, and Distribution System Development work in different locations of Kailali (North) District | 5000.00 | 578000.00 | 2081/07/26 12:00 PM |
| 3 | MIMO/TMBJSP/ Kailali-2/ NCB-03/081/082 | Tubewell drilling work, Pump test, Pump installation, Electrification, and Distribution System Development work in different locations of Kailali (South) District | 5000.00 | 550000.00 | 2081/07/26 12:00 PM |
| 4 | MIMO/TMBJSP/ Bardiya/NCB-04/2081/082 | Deep Tube Well Drilling, Well development work, and Pump Test work in different locations of Bardiya district. | 5000.00 | 800000.00 | 2081/07/26 12:00 PM |
| 5 | MIMO/TMBJSP/ Banke/NCB-05/081/082 | Deep tube well Drilling, Well development, and Pump test work in different locations of Banke district. | 5000.00 | 750000.00 | 2081/07/26 12:00 PM |

**Office Chief**

## Road Division Mahendranagar

**INVITATION FOR BIDS**

**Notice No.05-081/82**

**First Date of Publication: 2081/06/20 (6th October 2024)**

Road Division, Mahendranagar invites bids from eligible domestic bidders for the Road improvement works as listed below:

| SN | Contract Identification No | Description and Location of Works | Estimated Amounts without VAT & cont. (NRs) | Bid Doc. Fee (NRs) | Bid Security Amount (NRs) |
|---|---|---|---|---|---|
| 1 | RDMNR/33701138/ 081/82-27 | Drain construction work on Mahakali Highway Ch 15+000 to 18+000 (Attariya to Army Barrack) , Kailali | 83,75,267.81 | 2,40,000/- | 3000/- |
| 2. | RDMNR/337310113/ 081/82-28 | Traffic Saftey Works on Attariya to Faltude (Ch-15+000 to 68+000) Mahakali Highway,Kailali | 42,71,561.95 | 1,10,000/- | 3000/- |
| 3. | RDMNR/33701136/ 081/82-29 | Traffic Saftey Works On East-West Highway Ch-911+000 to 980+000 (Lamki to Attariya),Kailali | 59,38,225.16 | 1,50,000/- | 3,000/- |
| 4. | RDMNR/337310113/ 081/82-30 | Rehabilitation Work of East-West Highway Ch 911+000-980+000 (Lamki to Attariya),Kailali | NA | 8,40,000/- | 5,000/- |

For further details regarding the notice of Invitation for Bids, Bidders are requested to visit PPMO Website:- www.bolpatra.gov.np/egp

**Division Chief**

**Armed Police Force, Nepal Headquarters**
**Procurement Division, Halchwok, Kathmandu, Nepal.**

## Sealed Quotation (IFQ No: APFN/SQ/G/01/2081/082)

*Date of publication: 2081/06/20*

1. Armed Police Force, Nepal Headquarters Procurement Division, Halchwok, Kathmandu, Nepal invites sealed Quotation from eligible bidders for Procurement of below mentioned goods.
2. Eligible Bidders may obtain further information from the office of Armed Police Force, Nepal Headquarters Procurement Division, Halchwok, Kathmandu, Nepal Tel: 01-5249005, e-mail: apfprocurement@gmail.com.
3. A complete set of Bidding Documents may be purchased from the office by eligible Bidders on the submission of a written application, along with the copy of company/firm registration certificate, and upon payment of a non-refundable fee NRs. 1,000/- till 2081/07/08 during office hours.
4. Sealed bids must be submitted to the office of Armed Police Force, Nepal Headquarters Procurement Division, Halchwok, Kathmandu, Nepal on or before 12:00 noon on 2081/07/09, Bids received after this deadline will be rejected.
5. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 13:00 hrs on 2081/07/09, at the office of Armed Police Force, Nepal Headquarter Procurement Division, Halchwok, Kathmandu, Nepal. Bids must be valid for a period of 45 days from the date of bid opening and must be accompanied by a bid security amounting to below mentioned respective coloum, which shall be valid for 30 days beyond the validity period of the bid. If bidder wishes to submit the Cash Security, the cash should be deposited in the following deposit account as specified below.

**Bid Security Amount May be deposited in following Account :**

Name of the Bank : Rastriya Banijya Bank, Branch Thamel.
Name of Office : Armed Police Force, Nepal Headquarters
Office Code No. : 314053507
Deposit Account No. : 11000102030000 KHA 2-3

**Bidders,Submiting their bid, should deposit the cost of bidding document in following Account :**

Name of the Bank : Rastriya Banijya Bank, Branch Thamel.
Name of Office : Armed Police Force, Nepal Headquarters
Office Code No. : 314053507
Rajaswa Shirshak No. : 14229

6. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of Bid Submission.
7. The Purchaser reserves the right to accept or reject, wholly or partly any or all the Sealed Quotations without assigning any reason, whatsoever.

| S.N. | Contract Identification No. | Name of Procurement | Bid security Amount and Minumum Validity Date |
|---|---|---|---|
| 1. | APFN/SQ/G/01/2081/082/01 | Hospital Network Related Items | Nrs.45,000/-2081/09/23 |
| 2. | APFN/SQ/G/01/2081/082/02 | Vehicle Management System | Nrs.38,000/-2081/09/23 |
| 3. | APFN/SQ/G/01/2081/082/03 | Pad Vending Machine | Nrs.45,000/-2081/09/23 |
| 4. | APFN/SQ/G/01/2081/082/04 | Vedio Items | Nrs.38,000/-2081/09/23 |
| 5. | APFN/SQ/G/01/2081/082/05 | Armourer Items | Nrs.38,000/-2081/09/23 |
| 6. | APFN/SQ/G/01/2081/082/06 | Traffic Control Light | Nrs.38,000/-2081/09/23 |

# प्रभाव दैनिक




## सात वर्षपछि निर्देशनमा फर्कंदै तुलसी घिमिरे

करिब ७ वर्ष अगाडि 'दर्पण छाया २' बनाएका निर्देशक तुलसी अहिले बल्ल फिल्म बनाउने तयारीमा छन् । फिल्मको मुख्य भूमिकामा अभिनेता विपिन कार्की अनुबन्धित भएका छन्, भने अन्य कलाकार छनौटको क्रममा छन् । महजोडी अर्थात् हरिवंश आचार्य र मदनकृष्ण श्रेष्ठको समेत अभिनय रहन सक्ने फिल्म कार्तिकबाट फ्लोरमा जाने तयारीमा छ । 'पहाड' निर्देशक घिमिरेको २३औं फिल्म हुनेछ । उनी अझै दुईवटा फिल्म बनाउन चाहन्छन् ।





# भैरव पुरस्कार हास्य व्यंग्यकार गाम्नागेलाई



■ प्रभाव संवाददाता

**काठमाडौं–** यस वर्षको भैरव पुरस्कार हास्य व्यंग्यकार लक्ष्मीप्रसाद भट्टराई (लक्ष्मण गाम्नागे) लाई प्रदान गरिएको छ । भैरव पुरस्कार गुठीले आयोजना गरेको पुरस्कार अर्पण कार्यक्रममा उहाँलाई सो पुरस्कार प्रदान गरिएको हो । पुरस्कारको राशि नगद रु एक लाख ११ हजार १११ रहेको छ । सोही कार्यक्रममा भैरव वाङ्मय पुरस्कार कोशकार एवं नेपाली भाषा साहित्यको शुद्धीकरण अभियानी चूडामणि गौतमलाई प्रदान गरिएको छ । यस पुरस्कारको राशि पनि नगद रु एक लाख एक हजार १११ रहेको छ ।

यसैगरी, रु ५१ हजार १११ राशिको भैरव प्रतिभा पुरस्कार कलाकार लक्ष्मी गिरीलाई प्रदान गरिएको छ । पुरस्कृत व्यक्तित्वका बारेमा क्रमशः प्राडा रामप्रसाद ज्ञवाली, साहित्यकार ज्ञाननिष्ठ ज्ञवाली र मेनका पोखरेलले प्रकाश पारेका थिए । पुरस्कृत व्यक्तित्वत्रय गाम्नागे, गौतम र गिरीले नेपाली हास्य व्यंग्य साहित्यमा भैरव अर्यालको योगदानबारे चर्चा गरेका थिए । कार्यक्रममा बागमती प्रदेशका पूर्वमन्त्री एवं संविधानसभा सदस्य रामेश्वर फुयाँलले साहित्यकारले समाजमा भएको वास्तविकतालाई ऐनाका रूपमा देखाउनुपर्ने बताए । काठमाडौंको उत्तरपूर्वी भेग साहित्यको उर्वर भूमि भएकाले यहाँ धेरै साहित्यिक क्रियाकलाप हुने गरेको उनले सुनाए ।

वरिष्ठ पत्रकार विजय चालिसेले हास्य व्यङ्ग्य साहित्यमा भैरव अर्यालको योगदान महत्वपूर्ण रहेको बताए । आफूलाई साहित्य क्षेत्रमा अघि बढाउन पनि अर्यालको योगदान रहेको चालिसेले चर्चा गरे । कार्यक्रममा गुठीका अध्यक्ष रोचक घिमिरे, सचिव वसन्त रिजाललगायतले संस्थाले प्रत्येक वर्ष हास्य व्यंग्य साहित्य र कला क्षेत्रमा योगदान गर्नेलाई भैरव अर्यालका नामको पुरस्कार वितरण गर्ने गरिएको जानकारी गराएका थिए ।

# 'के तपाईंले मेरो देवता देख्नुभयो'को प्रिमियर

**काठमाडौं (प्रस)–** 'नेपालका हराएका देवताका मूर्तिहरू' को बारेमा निर्देशक अमिताभ जोशीद्वारा निर्देशित वृत्तचित्र 'के तपाईंले मेरो देवता देख्नुभयो' (ह्याब यू सिन माई गड?) को पहिलो प्रदर्शन गरिएको छ । राजधानीको ठमेलस्थित छाँया सेन्टरको क्यूएफएक्स सिनेमामा पहिलो प्रदर्शन भएको हो । उक्त प्रदर्शनमा अमेरिकन अष्ट्रेलियन, युरोपियन युनियन, मलेसियन र बेलायती राजदूतावासका कूटनीतिज्ञहरू लगायत विभिन्न संघ संस्थाका विशिष्ट व्यक्तिहरू गरी १३० जनाको सहभागिता रहेको थियो ।

उक्त वृत्तचित्रले नेपालबाट विभिन्न समयमा चोरी भई विदेश लगिएका र अनुसन्धान पश्चात् प्राप्त भएका देवताका मूर्तिहरूलाई नेपाल फर्काउने पहल र त्यसको सांस्कृतिक महत्वको बारेमा सनसनीपूर्ण तथ्य उजागर गरेको छ भने यो उक्त वृत्तचित्र अझै पूर्ण रूपमा निर्माण हुन भने बाँकी नै छ । यो वृत्तचित्र केवल एक वृत्तचित्र मात्र नभई नेपालका हराएका चोरिएका मूर्तिहरूलाई नेपालमा फिर्ता ल्याउने अभियानको सुरुवाती चरण भएको र खोज तथा अनुसन्धानको निरन्तरता आवश्यक भएको कुरा निर्देशक जोशीले बताए ।


**कुवेतमा रोजगार** कम्पनी : Al-Omar Company for Delivering Consumer Orders

पूर्व स्वीकृति मिति : २०८१/०६/१८ | LT. No. 311848 | चलानी नं. ६०२२६२७१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | LIGHT DRIVERS | 17 | 0 | 160 | ७०,४६३ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : Red Fort Consumer Goods Delivery Co.

पूर्व स्वीकृति मिति : २०८१/०६/१८ | LT. No. 311849 | चलानी नं. ६०२२६२७१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | LIGHT DRIVERS | 21 | 0 | 160 | ७०,४६३ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ असोज २७ गते (13th Oct. 2024) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैले | १०,००० | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. १६०२/०७९/०८०

BRIGHT FUTURE HR SOLUTION PVT. LTD.
KMC-3, Kathmandu, Nepal, Tel: 1-5914632/5924633, 9802348222 , 9762884218
Email: brightfuturehrsolution1602@gmail.com



**साउदीमा रोजगार** कम्पनी : Atlal Al Jazeera Contracting Company

पूर्व स्वीकृति मिति : २०८१/०६/१८ | LT. No. 311806 | चलानी नं. ६०२२६२५८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Construction Labour | 2 | 0 | 1000 | ३५,५३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ असोज २७ गते (13th Oct. 2024) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैले | १०,००० | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Elite Gurkhas Overseas Pvt. Ltd. श्रम ईजाजत नं.५३५/०६१/०६२
Gongabu Town Planning-29 Kathmandu, Nepal, Tel.: +977-1- 4975567, 4975568, E-mail: info@elitegurkhas.com.np, Web: www.elitegurkhas.com.np


# Invitation for Bids

## Jagarnathpur Rural Municipality

**Jagarnathpur,Parsa, Madhesh Province**

**Date of publication: 6th October 2024 (2081/06/20)**

1. **Jagarnathpur Rural Municipality invites electronic bids from eligible Nepalese bidders for Construction of Tubewell at different places of jagarnathpur ward No. 01-06 as mentioned below:-**

❖ ***Under National Competitive Bidding- Single Stage, Single Envelope Bidding Procedures.***

| Contract ID No. | Project Name | Esstimated Amount Nrs.(Exclusive V.A.T & Contigency) | Bid Security | Bid documents Costs |
|---|---|---|---|---|
| 01/JRM/NCB/ WORKS/2081/082 | Construction of Tubewell at different places of jagarnathpur ward No. 01-06 | 40,98,456.71/- | 1,40,000/- | 3000/- |

2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents on ***PPMO website www.bolpatra.gov.no/egp.***
3. Eligible Bidder can bid electronically through e-procurement section of PPMO's website www.bolpatra.gov.np/egp. Bidders, submitting their bid electronically, should deposit the non-refundable fee mentioned above for the project of the bidding document fee in the Project's Rajaswa (revenue) account as specified below and the scanned copy of bank deposit voucher shall be uploaded by the bidders at time of electronic submission of the bids.

   **Information to deposit the cost of Bid document Fee in Bank:**
   Name of Bank: - NIC Asia Bank Ltd.
   Name of Bank: - Jagarnathpur Rural Municipality
   Account Name:- **GA 1.1- Antarik Rajsaw Khata Jagarnathpur Gaupalika.**
   Account Number: **- 2312050004880007**
4. Pre-bid meeting shall be held at Office of ***Jagarnathpur Rural Municipality, Parsa*** at ***13:00 hours on 2024/10/27.***
5. Electronic bids must be submitted through PPMO's e-GP system www.bolpatra.gov.np/egp on or before **12:00 Hrs Noon on 5th *November 2024.*** Bids received after this deadline will be rejected.
6. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at ***13:00 hours* on 5th *November 2024 at*** the office of Jagarnathpur ***Rural Municipality,Jagarnathpur, Parsa***. Bids must be valid for a period of ***90 days*** after bid opening and must be accompanied by a bid security amounting to as mentioned above which shall be valid for 30 days beyond the validity period of the bid.

   **For Bid Security Purpose:**
   Name of Bank**:** - NIC Asia Bank Ltd.
   Name of Bank: - Jagarnathpur Rural Municipality
   Account Name:- **GA 3-DHARAUTI KHATA- JAGARNATHPUR-GAUPALIKA**
   Account Number: **- 2312050004880012**
7. If the last date of purchasing or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.

# रंगशाला

# एसिया रग्बीको दुवैतर्फको उपाधि फिलिपिन्सलाई

**काठमाडौ (प्रस)–** एसिया रग्बी इमिरेट्स सेभेन्स ट्रफी-२०२४ को पुरुष र महिला दुवैतर्फको उपाधि फिलिपिन्सले हात पारेको छ । एसिया रग्बीको आयोजना र नेपाल रग्बी संघको व्यवस्थापनमा त्रिपुरेश्वरस्थित दशरथ रंगशालामा शनिबार भएको प्रतियोगिताको फाइनलमा पुरुषतर्फ फिलिपिन्सले चाइनिज ताइपेई र महिलातर्फ भारतलाई हराउँदै उपाधि जितेको हो ।

जितसँगै दुवैतर्फ फिलिपिन्सले सन् २०२५ मा हुने एसिया रग्बीको ट्रफीमा स्थान सुरक्षित गरेको छ । दोस्रो हुने चाइनिज ताइपेई र भारतले रजतमा चित्त बुझाएको छ । पुरुषतर्फ सेमिफाइनलमा श्रीलंकालाई १९-१२ ले पराजित गर्दै फिलिपिन्सले फाइनलमा स्थान बनाएको थियो । चाइनिज ताइपेईले भने उज्बेकिस्तानलाई २४-० ले पाखा लगाउँदै फिलिपिन्ससँगको भेट पक्का गरेको हो । सेमिफाइनलमा एकपक्षीय जित निकाले पनि चाइनिज ताइपेईले फाइनलमा सोही लयलाई कायम राख्न सकेन । सुरुआतदेखि नै दबाब झेलेको चाइनिज ताइपेईले फिलिपिन्सलाई २७-१४ को सहज स्कोर सुम्पियो ।

पुरुषतर्फ श्रीलंका तेस्रो भयो । उसले उज्बेकिस्तानविरुद्ध ३२-० को सहज जित हासिल गर्‍यो । पुरुषको तुलनामा महिलातर्फ उपाधिका लागि रोमाञ्चक प्रतिस्पर्धा भएको थियो । यद्यपि, बाजी भने फिलिपिन्सले ७-५ को स्कोरले मार्‍यो । फिलिपिन्सले एक कन्भर्जन किकसहित सुरुमै सात अंक बटुलेको थियो । तर, भारतले पनि पुनरागमन गर्ने मौका प्राप्त गर्‍यो । ट्राई गरेर ५ स्कोर हात पारेपछि भारतले दोस्रो हाफमा कन्भर्जन किक प्राप्त गरेको थियो । तर, कन्भर्ट भने गर्न सकेन । त्यसैले भारत उपविजेतामा सीमित बन्न पुग्यो ।

फिलिपिन्सले सेमिफाइनलमा इन्डोनेसियालाई १९-१० ले पराजित गर्दै फाइनलमा स्थान बनाएको थियो । भारतले भने गुवाममाथि २४-७ को एकपक्षीय जित हासिल गर्दै फिलिपिन्ससँगको उपाधि भिडन्त पक्का गरेको थियो । महिलातर्फ नै तेस्रो स्थानका लागि भएको प्रतिस्पर्धामा भने गुवाम बलियो साबित भयो । एक समय १७-१९ ले अघि रहेको स्थितिमा गुमामले ट्राईमार्फत ५ स्कोर हात पार्‍यो । त्यही ट्राईमार्फत हात लागेको स्कोरसँगै गुवामले २२-१९ ले खेल आफ्नो पक्ष्यमा पार्‍यो ।

### नेपालको फितलो प्रदर्शन

उपाधि घरमै राख्ने लक्ष्य बुनेको नेपालको प्रदर्शन भने सन्तोषजनक हुन सकेन । समूहचरणमा नेपालले एकमात्रै जित हासिल गरेको थियो, त्यो थियो महिलातर्फ । समूह 'ई' मा रहेको नेपाली महिला टोलीले उज्बेकिस्तानमाथि १२-७ को स्कोरमा जित हासिल गर्दै बाउल सेमिफाइनलमा स्थान सुरक्षित गरेको थियो । तर, श्रीलंकासँग आफ्नै गल्तीका कारण जितिसकेको खेल गुमाउन पुग्यो । नेपालले बाउलमा श्रीलंकासँग १७-१५ को हार बेहोर्‍यो । इरानको महिला टोलीले अन्तिम समयमा प्रतियोगिताबाट नाम फिर्ता लिएको कारण नेपालले र्‍याङ्किङको लागि प्रतिस्पर्धा गर्नै परेन ।

## Mikwakhola Rural Municipality

**Office of The Rural Municipal Executive**

**Thalang, Taplejung**

### Invitation for Online Bids

First Date of publication: **- 2081/06/20 (06th – Oct. 2024)**

1. **Mikwakhola Rural Municipality, Thalang, Taplejung** invites electronic bids from Nepalese eligible bidders under National Competitive Bidding – Single Stage Two Envelope Bidding procedures Specified in public procurement Act and Regulation. The name and identification of the contract are as follows:

| SN | Description of Works | Contract Identification No. | Average Annual Construction Turnover(Nrs) | Specific Construction Experience(Nrs) | Bid Security Amount(Nrs) | Bid Document Fee (NRs) | Bid Submission Date | Bid Opening Date | Bid Validity Period |
|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Upgradation of Road Along Dadagaun-Libang-Sanba-Papung | NCB/Works/ Roads/MKRM/ 01/2081/082 | 45178000.00 | 36142000.00 | 1661000.00 | 5,000.00 | 2081/07/20 5th Nov 2024 Noon 12:00 | 2081/07/20 5th Nov 2024 Noon 13:00 | 120 Days |

2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of **Mikwakhola Rural Municipality, Thalang, Taplejung, Facsimile no: 9815235829** or may visit PPMO website www.bolpatra.gov.np/egp.

**Chief Administrative Officer**

# नाइजेरियामा १० हजारभन्दा बढीमा हैजा संक्रमण, ३०० भन्दा बढीको मृत्यु

**अबुजा, नाइजेरिया–** यस वर्षको जनवरीदेखि सेप्टेम्बरको बीचमा दक्षिणपश्चिमी राज्य लागोससहित ३३ वटा नाइजेरियाली राज्यमा हैजाको प्रकोपले कम्तीमा ३५९ जनाको मृत्यु भएको नाइजेरियाको रोग नियन्त्रण तथा रोकथाम केन्द्र (एनसिडिसी) ले जनाएको छ । राजधानी अबुजामा हैजाको प्रकोपको अद्यावधिक गरिएको तथ्यांकमा जनस्वास्थ्य विभागले संक्रमितको संख्या बढेर १० हजार ८३७ पुगेको पुष्टि गरेको छ ।

यस वर्ष अहिलेसम्म नाइजेरियाका ३३ वटा राज्यमा हैजाको घटना सूचित गरिएको छ । गत हप्तामात्रै पाँच राज्यमा १९८ वटा नयाँ संक्रमण रिपोर्ट गरिएको थियो जसमा मृत्युको अनुपात ७.६ प्रतिशत रहेको एनसिडिसीले जनाएको छ ।

क्षेत्रीय राष्ट्रिय हैजा प्राविधिक समूहको नेतृत्व गर्दै, एनसिडिसीले अधिकारीहरूलाई हैजा रोकथामको तयारी र प्रतिस्थापन योजना बढाइ आपत्कालीन व्यवस्थापनका लागि क्षमता विकास गर्न आग्रह गरेको छ। प्रकोपबाट प्रभावित समुदायमा खुलारूपमा दिसापिसाब गर्ने गलत अभ्यास रहेको एनसिडिसीले उल्लेख गरेको छ । पिउने पानी र सरसफाइमा कमजोर पहुँचलाई प्रकाश पार्दै एनसिडिसीले यस्तो अस्वस्थ्य अभ्यासले हैजा फैलावट रोक्ने देशको प्रयासमा चुनौती खडा गरेको जनाएको छ ।

हैजा एक अत्यधिक विषाक्त रोग हो जुन गम्भीर झाडा-पखालाको अचानक सुरुवातको विशेषता हो। यसले शरीरमा तरल पदार्थको कमी (डिहाइड्रेसन) का कारण मृत्यु निम्त्याउन सक्छ ।

विशेषगरी घना जनसंख्या भएका क्षेत्रहरूमा पिउने पानीको आपूर्तिको अभावका कारण नाइजेरियामा हैजाको प्रकोप बारम्बार बढिरहेको जनाइएको छ । *रासस⁄सिन्ह्वा*

# लेबनान नछाड्ने लेबनानका लागि राष्ट्रसंघीय शान्ति सेनाको दाबी

**बेरुत, लेबनान–** लेबनानका लागि संयुक्त राष्ट्रसंघीय शान्ति सेना (युनिफिल) ले शनिबार स्थानान्तरण गर्ने इजरायली अनुरोधका बाबजुद दक्षिणी लेबनान नछोड्ने जनाएको छ ।

गत सेप्टेम्बर-३० मा इजरायली सेना (आइडिएफ) ले लेबनानमा आक्रमण गर्ने आफ्नो योजनाबारे खुलासा गरेपछि उनीहरूले केही स्थानबाट स्थानान्तरण गर्न अनुरोध गरेको लेबनानस्थित संयुक्त राष्ट्रसंघीय सुरक्षा बलले जनाएको छ । सुरक्षा बलले इजरायली अनुरोधको बावजुत् शान्ति सेनाहरू सबै स्थानमा उपलब्ध रहने उल्लेख गर्दै निरन्तररूपमा शान्ति सुरक्षाको पहलसहित संयुक्त राष्ट्रको झण्डा निरन्तर फहराइरहने बताएका छन् ।

यसै क्रममा नियमित रूपमा आफ्नो मुद्रा तथा गतिविधिहरू समायोजन गर्ने जनाउँदै आवश्यक भएमा आकस्मिक योजनाहरू तयारी अवस्थामा रहेको जनाइएको छ । इजरायलले सेप्टेम्बर-२३ देखि लेबनानी लडाकु समूह हिजबुल्लाहविरुद्धको अभियानलाई तीव्र बनाएको छ जसमा एक हजार ११० भन्दा बढी मानिसहरू मारिएका छन् भने लाखौं विस्थापित भएका छन् । इजरायलले यस हप्ताको सुरुमा दक्षिण लेबनानमा आक्रमण गर्न सुरु गर्ने जनाएको थियो ।

लेबनान र इजरायललाई सुरक्षा परिषद्को प्रस्ताव-१७०१ अनुरूप दिगो शान्तिका लागि पुनः प्रतिबद्ध हुन युनिफिलले आग्रह गरेको छ । सन् २००६ मा इजरायल र हिजबुल्लाहबीचको युद्धको अन्त्य गर्ने राष्ट्रसंघीय सुरक्षा परिषद्को प्रस्ताव-१७०१ ले लेबनानी सेना र राष्ट्रसंघीय शान्ति सेना दक्षिण लेबनानमा तैनाथ गर्ने व्यवस्था गरेको थियो । *रासस⁄एएफपी*

# जिनेभामा प्रदर्शन गरिँदै गाजाका सांस्कृतिक सम्पदा

**जिनेभा–** गाजापट्टीका पुरातात्त्विक सम्पदा जिनेभामा प्रदर्शनमा राखिएका छन् । स्विस सहरले एक वर्षको युद्धले ध्वस्त भएको क्षेत्रको सम्पदाको रक्षा गरिरहेको छ। कला र इतिहास संग्रहालय (एमएएच) मा आयोजित 'खतरामा रहेका सम्पदा' प्रदर्शनीमा गाजामा फेला परेका ४४ वटा वस्तुमध्ये एम्फोरा, मूर्तिहरू, फुलदानी, तेलका बत्ती र मूर्तिहरू प्रदर्शनमा राखिएका छन् ।

'यो गाजाको आत्माको अंश हो । यसको आफ्नै पहिचान छ,' प्रदर्शनीको क्युरेटर ब्रिट्रिस ब्लान्डिनले बताए, 'सम्पदा वास्तवमा यस भूभागको इतिहास हो, त्यहाँ बस्ने मानिसहरूको इतिहास हो ।'

शनिबारदेखि फेब्रुअरी ९ सम्म चल्ने प्रदर्शनीमा सुडान, सिरिया र लिबियाका कलाकृतिहरू पनि समावेश छन् । सशस्त्र द्वन्द्वको घटनामा सांस्कृतिक सम्पत्तिको संरक्षणका लागि सन् १९५४ हेग अधिवेशनको ७०औं वार्षिकोत्सवको अवसरमा यो प्रदर्शनी आयोजना गरिएको हो ।

द्वन्द्वको समयमा यस्ता सांस्कृतिक सम्पत्तिलाई क्षति, लुटपाटबाट जोगाउने संग्रहालयको जिम्मेवारी र आगन्तुकलाई जानाजानी सम्पदा नष्ट गर्नु युद्ध अपराध हो भनेर सम्झाउने उद्देश्यका साथ यो प्रदर्शनी आयोजना भएको हो ।

सन् २०२३ को अक्टोबर ७ मा हमासको आक्रमणपछि गाजामा इजरायलको आक्रमण सुरु भएदेखि प्यालेस्टिनी क्षेत्रका सांस्कृतिक सम्पदाले भारी मूल्य चुकाएको संयुक्त राष्ट्रसंघको सांस्कृतिक संगठनले जनाएको छ । युनेस्कोले युद्धका कारण गाजाको १० वटा धार्मिक स्थल, ४३ वटा ऐतिहासिक र⁄वा कलात्मक चासोका भवन, दुईवटा चल सांस्कृतिक सम्पत्तिका भण्डार, छ वटा स्मारक, एउटा संग्रहालय र सातवटा पुरातात्त्विकस्थलसहित ६९ वटा सम्पदाहरू क्षति भएको पुष्टि गरेको छ ।

प्यालेस्टिनी सांस्कृतिक सम्पदा 'अभूतपूर्व विनाशको सिकार भएको समयमा जेनेभामा राखिएका गाजाका वस्तुहरूको पैतृक मूल्य पहिलेभन्दा बढी देखिन्छ,' एमएएचले भन्यो । *रासस⁄एएफपी*

# इरानको तेल साइटमा आक्रमण नगर्न इजरायललाई राष्ट्रपति बाइडेनको चेतावनी

**वासिङ्टन–** अमेरिकी राष्ट्रपति जो बाइडेनले शुक्रबार इजरायललाई इरानको तेल साइटहरूमा आक्रमण नगर्न सल्लाह दिँदै मध्यपूर्वमा युद्धको बढ्दो सम्भावनाबाट बच्न विश्वलाई एकीकृत गर्न खोजिरहेको बताएका छन् ।

ह्वाइट हाउसमा पूर्वजानकारीविना अकस्मात् आयोजित ब्रिफिङमा बाइडेनले इजरायलका प्रधानमन्त्री बेञ्जामिन नेतान्याहुले अर्को कदमबारे निर्णय गर्दा इजरायलका लागि अमेरिकी समर्थनलाई स्मरण गर्नुपर्ने बताए । 'यदि म इजरायलको ठाउँमा हुन्थे भने म तेल साइटमा आक्रमण गर्नेबाहेक अन्य विकल्पको बारेमा सोच्ने थिएँ,' बाइडेनले सञ्चारकर्मीलाई बताए, 'इजरायलमा मंगलबार इरानले गरेको विशाल ब्यालिस्टिक क्षेप्यास्त्र आक्रमणको बदलामा इजरायलीहरू के गर्ने, कसरी गर्ने भन्ने निष्कर्षमा पुगेका छैनन् ।'

अमेरिकी राष्ट्रपति बाइडेनले बिहीबार इजरायलमाथि तेहरानको मिसाइल आक्रमणको प्रतिशोधमा इरानी तेल साइटहरूमा सम्भावित इजरायली आक्रमहरूबारे 'छलफल गरिरहेको' बताएपछि तेलको मूल्य बढेको हो । राष्ट्रपतीय निर्वाचन नजिँकिदै गर्दा कुनै पनि दीर्घकालीन वृद्धि अमेरिकी उपराष्ट्रपति कमला ह्यारिसका लागि हानिकारक हुनसक्छ । *रासस⁄एएफपी*

# युक्रेनको नयाँ गाउँ कब्जा गरेको रूसको दाबी

**मस्को–** रूसी सेनाले पूर्वी युक्रेनको कुराखोभ सहर नजिकैको अर्को गाउँ कब्जा गरेको शनिबार जनाएको छ । रूसी सेनाले युक्रेनको डोनेट्स्क क्षेत्रमा रहेको झेलानोय झ्टोरोयको बस्तीलाई 'स्वतन्त्र' बनाएको रक्षा मन्त्रालयले जनाएको हो । रुसी सेनाको खतरामा रहेको पोक्रोभस्क नजिक अवस्थित यो गाउँ युक्रेनी सेनाका महत्त्वपूर्ण केन्द्र हो ।

गोर्लिभ्का सहरमा खटिएका रुसी अधिकारीहरूले शनिबार युक्रेनी पक्षको गोलाबारीमा ११ जना सर्वसाधारण घाइते भएको बताएका छन् भने रूसले युक्रेनको सिमानामा रहेको बेलगोरोड, भोरोनेज र कुर्स्क क्षेत्रमा रातारात १० युक्रेनी ड्रोन खसालेको रक्षा मन्त्रालयले जनाएको छ । भोरोनेजका गभर्नर अलेक्जान्डर गुसेभले टेलिग्राममार्फत युक्रेनी ड्रोनले एक जना सर्वसाधारणलाई घाइते बनाएको बताएका छन् । यसैगरी युक्रेनको जापोरिजिया क्षेत्रमा भएको रूसी हमलामा दुई जनाको मृत्यु भएको क्षेत्रीय गभर्नर इभान फचोडोरोभले टेलिग्राममार्फत जानकारी गराएका छन् ।

रूसले सन् २०२२ फेब्रुअरीमा युक्रेनमा आक्रमण सुरु गरेको थियो । त्यसपछिको शृंखलाबद्ध आक्रमणपछि, रूसी सेनाले सन् २०२३ देखि युक्रेनको जमिन कब्जा गरी हाल निरन्तर युद्धलाई अगाडि बढाइरहेको छ । *रासस⁄एएफपी*


## Manahari Rural Municipality
### Office of Rural Municipal Executive
Rajaiya, Makwanpur
Bagmati Province, Nepal

**Invitation for Bids**

*First Date of Publication: 6th October 2024*

Manahari Rural Municipality, Office of Rural Municipal Executive, Rajaiya, Makwanpur invites electronic bids for the following works under National Competitive Biddings (NCB).

| S. N. | Contract Identification No. | Works Description | Estimated Cost (Inclusive VAT & PS) NRs. | Bid Security Amount(NRs) | Bid Document Cost (NRs.) (Nonrefundable) |
|---|---|---|---|---|---|
| 1. | BRIDGE/NCB/ MAN-03/081-82 | Sunachuri Jogital audhogik chhetra jane pakki pul nirman wada no 6 | 49,98,628.11 | 1,25,000.00 | 3,000.00 |
| 2. | BRIDGE/NCB/ MAN-04/081-82 | Construction of makari chakari Khola Box Culvert project | 19,97,001.05 | 50,000.00 | 1,000.00 |

Eligible Bidders may obtain further information from PPMO's website www.bolpatra.gov.np/egp or Manahari Rural Municipality, Office of Rural Municipal Executive, Rajaiya, Makwanpur.

*Chief administrative officer*



Government of Nepal (GoN)
## Likhu Tamakoshi Rural Municipality
Dhobi Bazar, Ramechhap

**Invitation for Bids**

Date of Publication: 06-10-2024 10:00 A.M.

1. Likhu Tamakoshi Rural Municipality invites electronic bids from Nepalese eligible bidders for the construction of the projects mentioned below under NCB Bidding Procedures. All other information and Bid Documents can be downloaded from PPMO website www.bolpatra.gov.np/egp. All the eligible bidder are requested to submit E-bid only as per Instruction with in mentioned period.

| S.N | Contract Identification No | Name of Project | Estimated Amount, With PS NRs (Exclusive of VAT and Contingencies) | Bid Security Amount (Rs.) | Bid Document Fee | Pre Bid meeting Date | Deadline for bid submission | Bid Opening Date |
|---|---|---|---|---|---|---|---|---|
| 1 | LTRM/NCB/WORKS/12/2081/82 | Chhanga Bhaltar Khalsa Khadka Gaun Ghalegaun Basbote Sadak Starronti Likhu Tamakoshi Ga.Pa.-7, Ramechhap | 21,39,525.38 | 62,500.00 | 3,000.00 | 25-10-2024 13:00 | 05-11-2024 12:00 | 05-11-2024 13:00 |
| 2 | LTRM/NCB/WORKS/13/2081/82 | Bhumedanda-Dharapani-Rudramode Sadak Starronati | 34,22,076.02 | 1,00,000.00 | 3,000.00 | 27-10-2024 14:00 | 05-11-2024 12:00 | 05-11-2024 13:00 |
| 3. | LTRM/NCB/WORKS/14/2081/82 | Jhateswar Ma.Bi. Khelmaidan Nirman | 25,67,230.00 | 75,000.00 | 3,000.00 | 27-10-2024 14:00 | 05-11-2024 12:00 | 05-11-2024 13:00 |

2. Bidders should deposit the cost (as specified above) of bidding document in the Project's Rajaswa (revenue) account as specified below and the scanned copy (pdf format) of the Bank deposit voucher shall be uploaded by the bidder at the time of electronic submission of the bids.
   Information to deposit the cost of bidding document in Bank:
   Name of the Bank : Nepal Investment Bank Ltd.
   Name of Office : Likhu Tamakoshi Rural Municipality
   Office Account no : 07001400250016
   Rajaswa (revenue) Accont Name : Ga 1 1 Aantarik Rajaswa Khata
3. For Evaluation Criteria, please refer the respective Bid Document in PPMO website www.bolpatra.gov.np/egp
4. Likhu Tamakoshi Rural Municipality reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning reason, whatsoever.

Chief Administrative Officer



## वर्गीकृत विज्ञापन संकलन काउन्टर

पशुपति विज्ञापन सेवा - सोह्रखुट्टे, नयाँबजार फोन नं. ४३५५७६०, ९८४१८८७७१६ ९८६६४३०१५५। स्मार्ट सर्भिस नेपाल प्रा.लि.-सिनामंगल, एयरपोर्ट, शम्भु मार्ग, फोन नं.०१२२९६६५८/९८४२६३५८१५। लोटस कम्युनिकेशन- गोंगबुचोक, फोन नं. ४३६४७१। ध्रुवको पसल- डिल्लीबजार, फोन नं. ४४३९२०१। Reach-mond Books Shop (रोहित दाहाल) - फोन नं.४०१६३१८, महाराजगञ्ज, भाटभटेनी गेट। Yonjan Enterprise - Dhalku Bhishal Nagar, 4438217। दन्तकाली स्टेशनरी - नयाँबसपार्क फोन नं. ९८१३९६०७४६। सारीका स्टेशनरी पसल - फोन नं. ९८५११२९६८६। ज्ञाञ्जयोति पुस्तक पसल बागबजार, फोन नं. ४२४००६०। विश्व स्वतन्त्र सञ्चार- सुन्धारा, फोन नं. ४२१९४१२। निशा बुक्स एण्ड स्टेशनरी - लगनखेल, ५५३१९५७, ९८४१६२७४८९। वीडलिंक मिडिया प्रा.लि. - पूरानो बानेश्वर चोक, फोन नं. ४४९२३०९, २०१४९३२, ९८४९६०६१४। हिमचुली स्टेशनरी- बालाजु नेपालटार, फोन नं.४३८७२४२, ९८४१४४००८३। मलः स्टेशनरी- गठ्ठाघर ठिमी, फोन नं. ६६३०७५७। B-Tech Nepal- पुतलीसडक चोक, फोन नं.9851079417, 2297501| HaLMax Communication - Jamal Kathmandu, 4224181, 4245457, 9841853198, (Hari Dawadi) जमलको पुलमुनी-विश्वज्योति हल हसाईडमा), बी.एण्ड बी. कम्यूनिकेशन एण्ड साइबर- कलंकी चोक फोनः ०१-४२७६५३०, फ्याक्सः०१-४२७१३२२। दाजुभाइ स्टेशनरी - पिंगलास्थान, गौशाला, फोनः ०१-४४९४६१५, ९८४९५०८१९९, ए.आर स्टेशनरी च्यासल गेट -९ ललितपुर फोन नं. ९८४१२८६९८९, हलफच्याक्स मिडिया एण्ड कम्यूनिकेशन जमल, काठमाडौं सम्पर्क : ०१- ४२२४१८१, ०१- ४०१२५७७, लोटस एड मिडिया एण्ड मार्केटिङ गोंगबु चोक फोन नं. ९८५१०२४३९८ र ९८६०३४६२५७, कमल स्टेशनरी, सिफल फोन नं. ९८४३२६४२३२, ०१४५८०१८४।

काठमाडौं जि.प्र.का.द.नं.४८०-०७०/७१, म.क्ष.हु.नि.द.नं. ९/०७३/७४

प्रभाव दैनिक
National Daily

# अर्थ बजार

आजको मूल्य

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|
| प्रति तोला - १६१३०० | प्रति तोला - ० | प्रति तोला - १९८० |



**सल्यानको साँघार फाँट** | सल्यान क्षेत्रेश्वरी गाउँपालिका-६ स्थित साँघारको धान खेती गरिएको फाँट र शारदा खोलाको दृश्य ।
*तस्बिरः कुलदीप न्यौपाने/रासस*

# नेपाल चेम्बर र भियतनामबीच सम्झौता

**काठमाडौं (प्रस)**– नेपाल र भियतनामबिच व्यापार र लगानी प्रवर्द्धन सम्बन्धमा सहकार्यको समझदारी भएको छ । नेपाल चेम्बर अफ कमर्स र भियतनाम नेपाल फ्रेण्डसिप एशोसिएसनबिच दुई पक्षीय लगानी अभिवृद्धि एवं व्यापार सहजीकरण गर्नेबारे समझदारी भएको हो ।

कृषि, पर्यटन र व्यापार जस्ता प्रमुख क्षेत्रहरूमा सहकार्य बढाउने विषयमा भियतनामका अधिकारीहरूसँग छलफल भएको नेपाल चेम्बर अफ कमर्सद्वारा जारी विज्ञप्तिमा उल्लेख गरिएको छ ।

नेपाल चेम्बर अफ कमर्सका अध्यक्ष कमलेश कुमार अग्रवालले बुद्धको जन्मस्थल नेपालको लुम्बिनीमा भियतनामी पर्यटक भित्र्याउन आग्रह गरे । भियतनामका बहुसंख्यक बुद्ध धर्मावलम्बीलाई नेपालको भ्रमण गराएर पर्यटन प्रवर्द्धन गर्नुपर्ने भन्दै अध्यक्ष अग्रवालले यसका लागि सहजीकरण गर्न चेम्बर तयार रहेको बताए ।

कृषि, पर्यटन तथा औद्योगिक क्षेत्रमा लगानीका लागि समेत उनले भियतनामका प्रतिनिधिसमक्ष आग्रह गरे । अध्यक्ष अग्रवालले भने, 'नेपाल लगानीको दृष्टिकोणले उत्कृष्ट गन्तव्य हो, लगानीको प्रतिफल सुनिश्चित गर्न चेम्बर अफ कमर्स प्रतिबद्ध छ । नेपालको कृषि विकासमा सहयोग एवं खाद्य सुरक्षा अभिवृद्धि र आर्थिक वृद्धिलाई प्रवर्द्धन गर्ने उद्देश्यले भियतनामसँग सहकार्य गर्न चाहेको अध्यक्ष अग्रवालको भनाई छ ।

चेम्बर पदाधिकारीसँगको भेटवार्तामा भियतनाम नेपाल फ्रेण्डसिप एशोसिएसनका अध्यक्ष ट्रान अन्ह तुवानले नेपालको प्राकृतिक सुन्दरताले आफूलाई निकै लोभ्याएको बताए । नेपालसँग सहकार्य गर्न आफूहरू तयार रहेको र लगानीका क्षेत्रहरू खोज्नुपर्नेमा उनले जोड दिए ।

## महासंघ अध्यक्ष ढकाललाई सम्मान

**काठमाडौं (प्रस)**– नेपाल उद्योग वाणिज्य महासंघका अध्यक्ष चन्द्रप्रसाद ढकाललाई पश्चिमाञ्चल विकास मञ्चले सम्मान गरेको छ । मुलुकको अर्थतन्त्रको विकासमा पुऱ्याएको उल्लेखनीय योगदानका साथै साविकको पश्चिमाञ्चल विकास क्षेत्रमा जन्मिएर नेपाली उद्योगी व्यवसायीहरूको छाता संस्था नेपाल उद्योग वाणिज्य महासंघको अध्यक्षजस्तो उच्च पदमा पुग्न सफल भएकामा अध्यक्ष ढकाललाई सम्मान गरिएको थियो ।

साथै सो मञ्चका निवर्तमान अध्यक्ष समेत रहेका ढकालले मञ्चको संस्थागत विकासका क्षेत्रमा निर्वाह गरेको विशिष्ठ भूमिकाको कदरस्वरूप उनलाई सो सम्मान प्रदान गरिएको मञ्चले जनाएको छ । मञ्चको वार्षिक साधारणसभाका अवसरमा राजधानीमा आयोजित एक समारोहमा पूर्वप्रधानन्यायाधीश कल्याणराज श्रेष्ठले उनलाई उक्त सम्मान प्रदान गरेका थिए । कार्यक्रममा मुख्यसचिव एकनारायण अर्याल, प्रधानसेनापति अशोकराज सिग्देललगायतका विशिष्ठ व्यक्तित्वहरूलाई पनि सम्मान गरिएको थियो ।

# पर्यटकको रोजाइमा म्याग्दीको टोड्के

**म्याग्दी**– म्याग्दीको टोड्केमा रघुगंगाको झिँ र मंगलाको पूर्णगाउँका बासिन्दाले पशुचौपायाको गोठ लैजाने गर्दथे । टोड्के तत्कालीन समयमा खर्कका रूपमा पनि परिचित थियो ।

रघुगंगा र मंगला गाउँपालिका तथा बेनी नगरपालिकाको संगममा अवस्थित टोड्क पछिल्लो समय आन्तरिक पर्यटकको रोजाइमा परेको छ । गाईवस्तुको घुम्तिगोठ राख्ने ठाउँलाई खर्क भनिन्छ । जंगलमा भएको करिब ५० मिटर लामो सुरुङमा गाईवस्तु अडिकिने र तिनलाई बाघभालुले खाइदिने हुनाले गाउँलेले टोड्को भएको ठाउँ भन्दा भन्दै ठाउँकै नाम टोड्के रहन गएको किम्बदन्ती रहेको पूर्णगाउँका दुर्गादत्त आचार्यले जानकारी दिए । 'हामी तन्नेरी हुदाँसम्म टोड्केमा गाईभैसी, भेडाबाखाको गोठ राख्ने गरिन्थ्यो,' ७० वर्षीय आचार्यले भने, 'प्रचारप्रसार, पूर्वाधार निर्माण, सडक, सञ्चार, विद्युत सुविधा विस्तार भएपछि पछिल्लो समय टोड्के खर्कबाट पर्यटकीय स्थलमा परिणत भएको छ ।'

समुन्द्री सतहदेखि दई हजार ४३० मिटरको उचाइमा रहेको टोड्के प्राकृतिक सौन्दर्ययुक्त गन्तब्य हो । काठमाडौबाट आएका रोशन राउतले टोड्केको स्वच्छ हावापानी र शान्त वातावरणले तन/मन दुवै चंगा बनाएको अनुभव सुनाए । 'शान्त वातावरण, सुन्दर हिमाल र शीतल हावाले टोड्केलाई रमणीय बनाएको छ,' उनले भने 'बिहान घाम लाग्दा र साँझ डुब्दो घामको लालीसँगैको हिमालको दृष्य जति हेरे पनि धितै मर्दैन ।' ऋतु, मौसम र समय अनुसार टोड्केमा फरक फरक दृष्य अवलोकन गर्न सकिन्छ । फागुन-चैतमा टोड्केको दायाँ र बाँया रहेको जङगलमा ढकमक्क फुल्ने लालीगुराँसको दृष्य मनमोहक हुन्छ । पुस-माघमा सेताम्मे हिउँ पर्ने टोड्केमा हिउँ खेलेर रमाउन पाइन्छ । बिहान, दिउँसो र बेलुकीपख हिमालको सौन्दर्य फरकफरक हुने झिँका स्थानीय गमबहादुर पाइजाले बताए ।

'पृष्ठभूमिमा गुर्जा, चुरेन, मानापाथी, धवलागिरी, निलगिरि, अन्नपूर्ण, माछापुच्छ्रे र लमजुङ हिमालको लर्कनसँगै सुर्योदय र सुर्यास्तका समयमा फरक फरक दृष्य देखिन्छ,' उनले भने, 'शान्त वातावरण । बर्खामा भुईफुलले रंगिएको फाँटबाट देखिने शरदयामको हिमाली मुस्कान । कुहिरो र हिमालको लुकामारी । चराको चिरबिर र जंगलको हरियालीले लठ्ठ बनाउँछ ।'

स्वर्गद्वारी महाप्रभुलगायत धेरै सन्तले तपस्या गरेका टोड्केको धार्मिक महत्व पनि छ । डाँडाको थाप्लोमा स्वर्गद्वारी आश्रमको शाखा 'तपोवन शिवालय' र सिद्धथान पनि छ । शिवालय स्वर्गद्वारी आश्रम, प्यूठानको शाखा हो । स्वर्गद्धारी, शिष्यहरू पूजारी महाराज र रखाल महाराज लगायतका सन्तको मूर्ति राखिएका मन्दिरभित्र रहेका शिवलिंग र महाप्रभुले प्रयोग गरेका खराउ ऐतिहासिक सम्पदा रहेको छ । आश्रम परिसरमा गौशाला पनि रहेको छ ।

मगरको पुरर्ख्यौली नाच, सोरठी, यानीमायाँ, सालैजो, भजन कीर्तन र पञ्चेबाजामा रम्न पाउनु टोड्केको थप विशेषता हो । टोड्के नजिकैको सिद्ध सामुदायिक वनमा उद्यान निर्माण गरिएको रघुगंगा गाउँपालिका-५ का वडा अध्यक्ष मनबहादुर शेरमञ्जाले बताए । 'वनभोज खान जानेहरूका लागि पनि पूर्वाधारको व्यवस्था मिलाइएको छ,' उनले भने, 'खेल पर्यटनको सम्भावनालाई मध्यनजर गरेर टोड्केमा हाइ अल्टिच्युड खेलमैदान निर्माणाधीन छ ।'

बेनीबाट गाडीमा टोड्के पुग्ने पाँच वटा सडक छन् । बेनी-अर्थुङ्गे-झिँ हुदै टोड्के (१९ किलोमिटर), बेनी-अर्थुङ्ग-पाल्लेखेत-वाखेत गाउँ हुँदै टोड्के (१५ किलोमिटर) र बेनी-अर्थुङ्गे-पुलाचौर-डडुवा-पूर्णगाउँ हुदै टोड्के (१४ किलोमिटर) दुरीको सडक प्रयोग गर्न सकिन्छ ।

२९ किलोमिटर दुरीको बेनी-सिम-कुहुँ-पूर्णगाउँ हुदै टोड्के जोड्ने सडकबाट आवत जावत गर्ने क्रममा प्राकृतिक उपचार स्थल सिंगा तातोपानीमा स्नान गर्न र रमाउन सकिन्छ । उन्नाइस किमी दूरीको बेनी-गलेश्वर-पाल्लेखेत-वाखेत-टोड्के सडकमा धार्मिक स्थल गलेश्वर धामको दर्शन गर्न सकिन्छ । पैदलयात्रा गर्न चाहनेहरूका लागि बेनी देखि अर्थुङ्गे-पछै-ढोलथान-केभहिल-जगन्नाथ-ढडेकोट दरवार-टोड्के पुगिने पुरानो घोरेटो बाटो पनि छ । टोड्केको पूर्वोत्तर दिशामा झीँ, पूर्वमा वाखेत, दक्षिण पश्चिममा पूर्णगाउँ र पश्चिममा कुहुँगाउँ छन् ।

धवलागिरी हिमालको सम्मुखमा मगर बाहुल्य बसोबास रहेको झिँ गाउँबाट टोड्के पुग्ने व्यवस्थित पदमार्ग पनि छ । झिँ र पूर्णगाउँबाट एक घण्टा उकालो हिडेपछि टोड्के पुगिन्छ । यी गाउँमा होमस्टे सुविधा छ ।

टोड्केदेखि मालिका धुरी-ठाडाखानी-कुइनेखानी- झिङखानी- चौरखानी- घ्याँसीखर्क हुदै धौलागिरि हिमालको आधार शिविर र आइसफल हुदै मुस्ताङको थासाङ गाउँपालिका निस्कने टोड्के-धौलागिरि सांस्कृतिक पानोरमा पदमार्गको परिकल्पना गरिएको रघुगंगा गाउँपालिकाका अध्यक्ष भबबहादुर भण्डारीले बताए । टोड्के पुग्ने सडक स्तरोन्नतिमा प्राथमिकता दिएको उनले जानकारी दिए ।

टोड्केदेखि झिँ-पाखापानी-कोटगाउँ-रायखोर-मुलपानी हुँदै घ्यासीखर्क जोडिने धौलागिरि सेञ्चुरी पदमार्ग पनि रहेको छ । म्याग्दी र मुस्ताङ जोड्ने बेनी-जोमसोम सडकले परम्परागत पदमार्ग पूर्ण रूपमा विस्थापित भएको अवस्थामा टोड्के धौलागिरि पानोरमा साँस्कृतिक र धौलागिरि सेञ्चुरी पदमार्ग महत्वपूर्ण बैकल्पिक रुटका रूपमा स्थापित गर्न सकिने सम्भावना रहेको म्याग्दी उद्योग वाणिज्य संघका बरिष्ठ उपाध्यक्ष राजेश शाक्यले बताए । *रासस*

हार्दिक मंगलमय शुभकामना
"विपद्को बेला सतर्क रहौं, सजग बनौं"
नेपालीहरूको महान् चाडपर्वहरू विजयादशमी, शुभ दीपावली, छठ पर्व २०८१ र नेपाल सम्वत ११४५ को उपलक्ष्यमा समस्त नेपाली तथा शुभचिन्तकहरूमा सुस्वास्थ्य, दिर्घायु र उत्तरोत्तर प्रगतिको शुभकामना व्यक्त गर्दछौं ।

देवकीनन्दन शर्मा
अध्यक्ष,
विराटनगर भन्सार एजेण्ट संघ, मोरङ ।

टिकाराम पुरी, प्रिन्सिपल
एभरेष्ट कलेज एवम् एभरेष्ट सेकेण्डरी स्कुल
विराटनगर ५ ।

रोशन खड्का
होटल मनास्लु इन, विराटनगर ४ ।

पाथीभरा स्टोनेक्स प्रा.लि.
मुनालपथ, विराटनगर । फो. नं. ०२१-५११५६५

सुशिल श्रेष्ठ
कार्यालय प्रमुख, पूर्वाधार विकास कार्यालय मोरङ ।

पशुपति खाद्य तेल उद्योग प्रा. लि. विराटनगर
तथा सम्पूर्ण उद्योग परिवार ।

हाईलाइफ शुज एण्ड स्लिपर्स, विराटनगर ।
hilife SHOES & SLIPPERS
HILIFE एक, चाल अनेक

अटल क्लिनिक एण्ड प्याथ ल्याब प्रा.लि.,
विराटनगर-७, मोरङ ।

बागमती प्लाष्टिक इण्डष्ट्रिज प्रा.लि.
विराटनगर ।

विपद्को बेला सतर्क रहौं, सजग बनौं ।
नेपालीहरुको महान् चाडपर्वहरु विजयादशमी, शुभ दीपावली, छठ पर्व २०८१ र नेपाल सम्वत ११४५ को उपलक्ष्यमा समस्त नेपाली तथा शुभचिन्तकहरुमा सुस्वास्थ्य, दिर्घायु र उत्तरोत्तर प्रगतिको शुभकामना व्यक्त गर्दछौं ।
प्रिन्सिपल तथा अरनिको कलेज परिवार, विराटनगर-१०

Our Products (हाम्रा उत्पादनहरू) JAYA GANGA & SONS Deal in:
ANNAPURNA WINDING WIRES PVT. LTD.
Head Office
Branch Office

विश्वशनियताको प्रतिक
आर्या न्यूरो हस्पिटल
कञ्चनवारी, विराटनगर
फोनः ०२१-४६१६३९

दुग्ध विकास संस्थान
DDC
विराटनगर दुग्ध वितरण आयोजना
DDC द्वारा उत्पादित गुणस्तरीय दूध तथा दुग्ध पदार्थ नियमित सेवन गरौ ।

स्वच्छ खाद्य पदार्थ उपभोगका लागि अनुरोध
- प्याक भएका खाद्य पदार्थहरुको लेबलमा उत्पादन मिति, उपभोग्य मिति, ब्याच नं., तौल, उद्योगको नाम ठेगाना आदि हेरेर मात्र उपभोग गरौं ।
- खाना खाजा खुवाउने होटल रेष्टुरेन्टहरुले स्वच्छता तथा सरसफाई कायम राख्ने गरौं ।
- अस्वभाविक रङ्ग र गन्ध भएका सडेगलेको खाद्य पदार्थ उपभोग नगरौं ।
- खाद्य पदार्थ उत्पादक उद्योगले खाद्य प्रविधि तथा गुण नियन्त्रण कार्यालयबाट अनुज्ञापत्र लिएर मात्र उत्पादन तथा बिक्री वितरण गर्ने गरौं ।
- खाद्य पदार्थको गुणस्तर सम्बन्धमा कुनै गुनासो भए सम्बन्धित निकायमा जानकारी गराऔं ।
नेपाल सरकार
कृषि तथा पशुपंक्षी विकास मन्त्रालय
खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग
खाद्य प्रविधि तथा गुण नियन्त्रण कार्यालय
विराटनगर, मोरङ
सम्पर्क नं. ०२१-४७०८२८, ९८५२०७०२१८

डा. ज्ञानेन्द्र मान सिंह कार्की
अध्यक्ष
एवम्
बिराटनगर अस्पताल प्रा.लि. परिवार
(बिराट नर्सिङ्ग होम)
धरान रोड, बिराटनगर-३, मोरंग, फोनः ०२१-५३१०४२, ५२२१४४

राजन श्रेष्ठ, कोशी प्रदेश संयोजक,
हान, तथा होटल स्वागतम परिवार, विराटनगर ।

जे बी ट्रान्सपोर्ट,
विराटनगर ।

सुयश प्याकुरेल, प्रबन्ध निर्देशक
एम एम प्लाष्टिक, विराटनगर

महेश मिश्र,
अध्यक्ष एवम निर्माण व्यवसायी संघ मोरङ परिवार, विराटनगर

प्रिन्सिपल तथा मेरिल्याण्ड कलेज परिवार
रंगेली रोड, विराटनगर ।

अध्यक्ष दुर्गा बहादुर बस्नेत एवम् महासचिव रुद्र कार्की
एवम् पेट्रोलियम डिलर्स एशोसिएशन कोशी परिवार, विराटनगर

पुण्य भट्टराई,
अध्यक्ष, नाटा, कोशी प्रदेश, तथा होटल एशियाटिक परिवार, विराटनगर

रमेश कुमार मिश्र, प्राचार्य
डि.ए.भि. स्कुल विराटनगर एवम् विद्यालय परिवार ।

सीताराम अग्रवाल, अध्यक्ष, पूर्वाञ्चल प्लाईउड संघ
तथा प्लाईउड संघ परिवार ।

देशबन्धु ढकाल, अध्यक्ष
नेपाल औषधी व्यवसायी संघ, मोरङ

विपद्को बेला सतर्क रहौं, सजग बनौं ।
नेपालीहरुको महान् चाडपर्वहरु विजयादशमी, शुभ दीपावली, छठ पर्व २०८१ र नेपाल सम्वत ११४५ को उपलक्ष्यमा समस्त नेपाली तथा शुभचिन्तकहरुमा सुस्वास्थ्य, दिर्घायु र उत्तरोत्तर प्रगतिको शुभकामना व्यक्त गर्दछौं ।
सुविधा ग्याँसका उत्पादक
मारुति ग्याँस उद्योग प्रा. लि.
सोनापुर, सुनसरी ।

विपद्को बेला सतर्क रहौं, सजग बनौं ।
नेपालीहरुको महान् चाडपर्वहरु विजयादशमी, शुभ दीपावली, छठ पर्व २०८१ र नेपाल सम्वत ११४५ को उपलक्ष्यमा समस्त नेपाली तथा शुभचिन्तकहरुमा सुस्वास्थ्य, दिर्घायु र उत्तरोत्तर प्रगतिको शुभकामना व्यक्त गर्दछौं ।
कोशी ग्याँस उद्योग प्रा.लि.
हात्तीमुढा, बुढीगंगा गाउँपालिका, मोरङ ।

ELECTRA ELECTRIC
Introducing our
Exclusive Switches
selis
Surprisingly smooth
CLASSY & SMOOTHY
www.electraelectric.com

खाना पकाउने ग्यास (एलपी ग्यास)
प्रयोगकर्ताहरुलाई सुरक्षासम्बन्धी
अति आवश्यक जानकारी
एलपी ग्यास अत्यन्तै प्रज्वलनशील पेट्रोलियम पदार्थ भएकाले यसको प्रयोगमा पर्याप्त सतर्कता एवम् सावधानी अपनाउनु जरुरी हुन्छ । त्यसैले खाना पकाउने ग्यासको चुहावटले हुने दुर्घटनाबाट बच्न देहायका कुरामा विशेष ध्यान पुऱ्याउनु हुन सम्पूर्ण उपभोक्तावर्गमा अनुरोध छ ।
दुर्घटनाबाट बच्न ध्यान दिनुपर्ने कुराहरु
- सिलिन्डर ल्याउँदा लैजाँदा नगुडाऔं । भान्सामा सिलिन्डर सधैं ठाडो राखी प्रयोग गरौं । सुताएर, घोप्टाएर प्रयोग नगरौं ।
- रेगुलेटर, रबर, पाइप, चुलोजस्ता उपकरणहरु गुणस्तर भएको मात्र प्रयोग गरौं । साथै हरेक दुई वर्षमा ग्यासको पाइप फेरौं ।
- खाना पकाउँदा सधैं झ्याल, ढोका खुला राखौं र सुतीको कपडा लगाएर मात्र खाना पकाउने गरौं ।
- काम सकिएपछि सधैं रेगुलेटर बन्द गर्न नबिर्सौं ।
नेपाल आयल निगम
कोशी प्रदेश कार्यालय
विराटनगर

विद्युत चोरी गर्नु कानुनी तथा सामाजिक अपराध हो ।
विद्युत महसुल समय मै भुक्तानी गरौं ।
विजयादशमी, शुभ दीपावली, तिहार एवम् छठ पर्व २०७९ को उपलक्ष्यमा समस्त नेपाली तथा शुभचिन्तकहरुमा सुस्वास्थ्य, दीर्घायु र उत्तरोत्तर प्रगतिको शुभकामना व्यक्त गर्दछौ ।
नेपाल विद्युत प्राधिकरण,
विराटनगर वितरण केन्द्र, विराटनगर

**प्रभाव पब्लिकेसन प्रा.लि.**द्वारा प्रकाशित **मुद्रण**: एक्प्रेस कलर प्रेस, **कार्यालय**: काठमाडौं-७, सिफल, नेपाल **फोन नं.**: ०१-४३७३५७७, ०१-४५८४३६८, **इमेल**: prabhabdailynews@gmail.com, **विज्ञापनका लागि**: marketing2prabhab@gmail.com, **प्रबन्ध निर्देशक**: कृष्ण कार्की, **सम्पादक**: विष्णु तामाङ